# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २१६ | काठमाडौं | शनिबार, २० मंसिर २०८२ | Prabhab National Daily | Saturday, 06 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## कांग्रेस नेता यादव बने मधेस प्रदेशको नयाँ मुख्यमन्त्री

- संविधानको धारा १६८ को उपधारा (२) बमोजिम नेपाली कांग्रेस मधेस प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद यादव मुख्यमन्त्री पदमा नियुक्त
- नेपाली कांग्रेस, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, नेकपा माओवादी केन्द्र, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नेकपा एकीकृत समाजवादीसहित छ राजनीतिक दलका ७७ जना प्रदेशसभा सदस्यको समर्थन



■ प्रभाव संवाददाता

**काठमाडौं–** मधेस प्रदेशको मुख्यमन्त्रीमा नेपाली कांग्रेस मधेस प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद यादव नियुक्त भएका छन्। मधेस प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णले उनलाई शुक्रबार मुख्यमन्त्री पदमा नियुक्त गरेका हुन्।

प्रदेशसभा सचिवालयले नेपाली कांग्रेसका प्रदेशसभा सदस्य यादवलाई नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम मुख्यमन्त्री पदमा नियुक्त गरिएको जानकारी दिएको छ।

मधेस प्रदेश प्रमुख कार्यालयका निमित्त सचिव सत्रुधन यादवले जारी गरेको विज्ञप्तिमा नेपाली कांग्रेस, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, नेकपा माओवादी केन्द्र, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नेकपा एकीकृत समाजवादीसहित छ राजनीतिक दलका ७७ जना प्रदेशसभा सदस्यको समर्थन रहेको उल्लेख छ।

प्रदेश प्रमुख कर्णले बुधबार संविधानको धारा १६८ को उपधारा (२) बमोजिम दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमतप्राप्त सरकारका लागि प्रस्ताव पेस गर्न आह्वान गरेका थिए। सोहीबमोजिम मधेस प्रदेशसभामा रहेका विभिन्न छ वटा राजनीतिक दलबीच शुक्रबार कांग्रेस संसदीय दलका नेता यादवलाई मुख्यमन्त्रीका लागि प्रस्ताव गर्ने सहमति जुटेको थियो। सोही सहमतिका आधारमा प्रदेश प्रमुख कर्णसमक्ष दाबी पेस गरेकामा यादवलाई शुक्रबार नै मुख्यमन्त्री नियुक्त गरिएको हो।

नवनियुक्त मुख्यमन्त्री यादव २०७९ सालको प्रदेशसभा निर्वाचनमा रौतहट क्षेत्र नं. १ 'ख' बाट निर्वाचित भएका थिए। कांग्रेसको मधेस प्रदेश सभापतिसमेत रहेका उनी रौतहटको गढीमाई नगरपालिका-८ बरियारपुरका हुन्। यसअघि जनता समाजवादी पार्टीका सरोजकुमार यादव मुख्यमन्त्री बन्दा उनले भौतिक पूर्वाधार विकासमन्त्रीको जिम्मेवारी सम्हालेका थिए। पहिलो संविधानसभा सदस्य चुनावमा रौतहट क्षेत्र नम्बर ४ बाट निर्वाचित भएका थिए।

यसअघि मुख्यमन्त्री नियुक्त भएका नेकपा एमाले प्रदेशसभा संसदीय दलका नेता सरोजकुमार यादवलाई मंसिर १५ गते सर्वोच्च अदालतले नेपालको संविधानअनुसार २४ घण्टाभित्र विश्वासको मत लिन परमादेश जारी गरेको थियो।

⏭ क्रमशः पृष्ठ २ मा

दललाई आयोगको २० बुँदे निर्देशन

## निर्वाचनमा समानुपातिक प्रतिनिधित्व र सुशासन सुनिश्चितता अनिवार्य

- निर्वाचनमा प्रत्येक दलले प्रत्यक्षतर्फ उम्मेदवारी दिँदा त्यसको एकतिहाइ नघटनेगरी महिला उम्मेदवारको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने
- लैंगिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुनेगरी उम्मेदवार मनोनयनको व्यवस्था गर्ने
- निर्वाचनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्दा नेपालको संविधानप्रति निष्ठावान रही विभिन्न जातजाति, सम्प्रदाय, लिंग, धर्म, भाषा, क्षेत्र र संस्कृतिको सम्मान गर्दै आपसी सुसम्बन्धमा खलल पार्ने कुनै गतिविधि हुन नदिने
- राजनीतिक दलले आफ्ना सदस्यहरूलाई लैंगिक तथा समावेशिताका सवालहरूमा संवेदनशील बनाउन आवश्यक सहजीकरण तथा प्रशिक्षणको व्यवस्था गर्ने
- ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैंगिक अल्पसंख्यक तथा अपांगता भएका व्यक्तिहरूको भावना, इज्जत, चरित्र एवं प्रतिष्ठामा आँच आउन सक्ने, आत्मसम्मानमा चोट पुग्ने प्रकारले कुनै किसिमको प्रचारप्रसार नहुने कुराको सुनिश्चितता प्रदान गर्ने
- राजनीतिक गतिविधि गर्दा बालबालिकालाई प्रयोग नगर्ने नगराउने व्यवस्था मिलाउने
- राजनीतिक वा निर्वाचनसँग सम्बन्धित गतिविधि गर्दा एक दलले अर्को दललाई बाधा अवरोध नपुर्‍याउने

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचन आयोगले आगामी निर्वाचनमा समावेशी समानुपातिक प्रतिनिधित्व र सुशासन कायम गर्न राजनीतिक दलहरूलाई निर्देशन दिएको छ। आयोगले आयोगले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम दर्ता कायम रहेका दलहरूलाई आगामी माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचन र आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा कार्यान्वयन गर्ने गरी शुक्रबार २० निर्देशन जारी गरेको हो।

आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले जारी गरेको विज्ञप्तिमा नेपालको संविधानको मौलिक हकको कार्यान्वयनसम्बन्धी व्यवस्थालाई स्मरण गरी निर्वाचन प्रणालीमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचनमा प्रत्येक दलले प्रत्यक्षतर्फ उम्मेदवारी दिँदा त्यसको एकतिहाइ नघटनेगरी महिला उम्मेदवारको प्रतिनिधित्व सुनिश्चित गर्ने एवं लैंगिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुनेगरी उम्मेदवार मनोनयनको व्यवस्था गर्न निर्देशन दिइएको उल्लेख छ।

'प्रत्येक राजनीतिक दलले दिगो विकासको लक्ष्यलाई ध्यानमा राखी सन् २०३० सम्म संसद्मा ४० प्रतिशत महिला प्रतिनिधित्व पुर्‍याउने नीति अख्तियार गर्ने विषयको प्रभावकारी कार्यान्वयनका लागि लैंगिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुनेगरी उम्मेदवार मनोनयनको व्यवस्था गर्ने,' आयोगको निर्देशनमा भनिएको छ, 'राजनीतिक दलले निर्वाचनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्दा नेपालको संविधानप्रति निष्ठावान रही विभिन्न जातजाति, सम्प्रदाय, लिंग, धर्म, भाषा, क्षेत्र र संस्कृतिको सम्मान गर्दै आपसी सुसम्बन्धमा खलल पार्ने कुनै गतिविधि हुन नदिने।'



निर्वाचनमा प्रयोग हुने मतदानस्थल, मतदान केन्द्र, मतगणनास्थललाई लैंगिक तथा अपांगतामैत्री बनाउन आवश्यक सहयोग गर्न, राजनीतिक दलको घोषणापत्रलगायत दस्तावेजहरूमा लैंगिक तथा समावेशीसम्बन्धी व्यवस्थालाई उचित सम्बोधन गर्न, महिला, दलित वा अल्पसंख्यक समुदायका लागि आरक्षण गरिएका पदहरूबाहेकका पदमा उम्मेदवार मनोनयन गर्दा कम्तीमा एकतिहाइ महिला र नेपालको सामाजिक विविधता प्रतिविम्बित हुनेगरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवार मनोनयन गर्न आयोगले निर्देशन दिएको छ।

'राजनीतिक दलले आफ्ना सदस्यहरूलाई लैंगिक तथा समावेशिताका सवालहरूमा संवेदनशील बनाउन आवश्यक सहजीकरण तथा प्रशिक्षणको व्यवस्था गर्ने। तालिम तथा प्रशिक्षणका पाठ्यक्रम, पाठ्यसामग्री, निर्वाचनसम्बन्धी स्रोत सामग्री तयार गर्दा तथा कार्यक्रमस्थल छनोट गर्दा लैंगिक तथा अपांगतामैत्री र समावेशी बनाउने,' आयोगको निर्देशन छ।

यसैगरी राजनीतिक दलबाट सञ्चालन गरिने प्रशिक्षण, गोष्ठी, तालिम, सेमिनार, छलफल तथा अन्तरक्रिया आदि कार्यक्रममा महिला, समावेशी समूह तथा लक्षित वर्गको सहभागितालाई सुनिश्चित गर्न, कुनै कार्यक्रममा महिला, समावेशी समूह तथा लक्षित वर्ग, क्षेत्र र समुदायको सहभागिता र प्रतिनिधित्व हुनेगरी कार्यक्रम सञ्चालन गर्न, निर्वाचन प्रचारप्रसार गर्दा महिला, बालबालिका, अपांगता भएका व्यक्ति एवं समावेशी समूह वा अन्य कुनै पनि उम्मेदवारलाई प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने, व्यक्तिगत लाञ्छना लगाउने, गालीगलौज गर्ने, हतोत्साहित गर्ने, चरित्र हत्याका प्रयास गर्ने एवं कमजोरी देखाउनेजस्ता विभेदजन्य कार्य हुन नदिन सम्पूर्ण सतर्कता अपनाउन आयोगले निर्देशन दिएको छ।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## गैरकानुनीरूपमा स्पेन पुगेका नेपाली कामदार पक्राउ

- स्पेनिस प्रहरीले नियन्त्रणमा लिएका कामदारमध्ये नेपाली कति जना छन् भन्ने अनिश्चित
- कूल ३२२ जनामध्ये अधिकांश नेपाली रहेका प्रहरीको भनाइ
- समातिएका अधिकांश व्यक्ति पर्यटक भिसामा स्पेन प्रवेश गरेको उल्लेख

■ प्रभाव संवाददाता

**काठमाडौं–** रोजगारीका नाममा गैरकानुनी रूपमा स्पेन पुगेका नेपाली नागरिकहरू पक्राउ परेका छन्। स्पेनको प्रहरीले कामदार ओसारपसारमा संलग्न आपराधिक सञ्जालमाथि आक्रमण गर्ने क्रममा बिहीबार ३०० जनाभन्दा बढी कामदार भेटेको थियो। जसमा अधिकांश नेपाली रहेको युरोपेली सञ्चारमाध्यमले जनाएका छन्।

समाचारका अनुसार उनीहरूलाई स्पेनको मध्य र पूर्वी भागका खेतमा अवैधरूपमा राखिएको अवस्थामा पाइएको थियो। प्रहरीले यस कार्यमा संलग्न ११ जनालाई पक्राउ गरेको र थप दुई जनाविरूद्ध अनुसन्धान भइरहेको जनाइएको छ।



तस्बिरः स्पेनिस प्रहरीले सार्वजनिक गरेको भिडियो फुटेजबाट।

स्पेनिस प्रहरीले नियन्त्रणमा लिएका कामदारमध्ये नेपाली कति जना छन् भनेर यकीन नगरिए पनि कूल ३२२ जनामध्ये अधिकांश नेपाली रहेका जनाइएको छ। यीमध्ये २९४ जनासँग स्पेनमा बस्न र काम गर्नका लागि आवश्यक कागजात नभएको समाचारमा उल्लेख छ।

बयानका क्रममा समातिएका अधिकांश व्यक्ति पर्यटक भिसामा प्रवेश गरेका, जसमा युरोपेली संघको सेञ्जेन क्षेत्रका अन्य देशहरूका लागि पनि समावेश गरिएको बुझिएको छ। स्पेन पुर्‍याइएका ती कामदारहरूलाई भाडामा लगेर देशका विभिन्न भागमा पठाइने गरेको खुलेको छ। काम लगाउने क्रममा उनीहरूको श्रमअधिकार हनन भएको प्रहरीको दाबी छ।

स्पेनिस प्रहरीले सार्वजनिक गरेको भिडियोमा धेरै मानिस एउटा सानो बत्ती भएको कोठामा म्याट्रेसमा लस्करै राखिएको अवस्थामा सँगै बसेका देखिएका छन्। प्रहरीका अनुसार तस्करको समूहले दक्षिणपूर्वी स्पेनको अल्बासेटे नामको स्थानमा पीडितहरूको बासस्थानको व्यवस्था गरेको थियो। कामदारलाई प्रतिकूल हावापानी र घामसम्म राम्ररी नछिर्ने कोठामा राखिएको थियो। यसरी राखिनु पूर्णरूपमा अपमानजनक र अमानवीय अवस्था भएको प्रहरीले जनाएको छ।

उक्त स्थानबाट उनीहरूलाई दैनिक ज्यालामा फार्मको काममा लगाउने गरिएको उल्लेख गरिएको छ।

⏭ क्रमशः पृष्ठ २ मा

सर्वपक्षीय बैठक

## चुनाव सफल बनाउन प्रधानमन्त्री प्रतिबद्ध, दलहरूको प्रश्न सुरक्षामै



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले आगामी फागुन २१ गतेको निर्वाचन शान्तिपूर्णरूपमा सम्पन्न गर्ने प्रतिबद्धता दोहोर्‍याएकी छन्। शुक्रबार प्रधानमन्त्रीनिवास बालुवाटारमा आयोजित सर्वपक्षीय बैठकमा उनले जसरी पनि निर्वाचन भयरहित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्ने प्रतिबद्धता दोहोर्‍याएकी हुन्।

विघटित प्रतिनिधिसभाका राष्ट्रिय मान्यताप्राप्त दल, चारवटै सुरक्षा निकाय र निर्वाचन आयोगसहितको सर्वपक्षीय बैठकमा प्रधानमन्त्री कार्कीले यस्तो प्रतिबद्धता जनाइरहँदा दलका प्रतिनिधिहरूले भने सुरक्षा चुनौती देखाउँदै चुनाव हुनेमा आशंका व्यक्त गरेका थिए। सुरक्षा निकायका प्रमुखहरूले बैठकमा सुरक्षा चुनौती र चुनावी सुरक्षाको तयारीबारे ब्रिफिङ गरेका थिए।

> चुनाव हुन्छ कि हुँदैन भन्ने अब नसोचौं, कसरी चुनाव सफल पार्ने भनेर सोचौं, सबैले एकचित्तले सोचेमा चुनाव नहुने कुरै छैन, १२६ वटै दलले चुनाव हुनुपर्छ भन्ने धारणा राख्नुपर्छ। हामी एकमत भयौं भने निर्वाचनमा कसैले खलल पार्न सक्दैन, खराब तत्वले आक्रमण गर्न सक्दैन।
>
> ■ **सुशीला कार्की**
> प्रधानमन्त्री

प्रधानमन्त्री कार्कीले निर्वाचन आयोग, सुरक्षा निकायका सबै अंगलगायत निर्वाचनसँग प्रत्यक्ष जोडिएका राज्यका निकायहरू निर्वाचनका लागि तयार रहेको बताइन्। उनले प्रतिनिधिसभाको निर्वाचन फागुन २१ भन्दा पछाडि नजाने भन्दै चुनाव सफल बनाउन सबैले भूमिका खेल्न दलहरूलाई आग्रह गरेकी थिइन्।

'चुनाव हुन्छ कि हुँदैन भन्ने अब नसोचौं, कसरी चुनाव सफल पार्ने भनेर सोचौं, सबैले एकचित्तले सोचेमा चुनाव नहुने कुरै छैन, १२६ वटै दलले चुनाव हुनुपर्छ भन्ने धारणा राख्नुपर्छ,' प्रधानमन्त्री कार्कीले भनिन्, 'हामी एकमत...

⏭ क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### निर्वाचनमा...

ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैंगिक अल्पसंख्यक तथा अपांगता भएका व्यक्तिहरूको भावना, इज्जत, चरित्र एवं प्रतिष्ठामा आँच आउन सक्ने, आत्मसम्मानमा चोट पुग्ने प्रकारले कुनै किसिमको प्रचारप्रसार नहुने कुराको सुनिश्चितता प्रदान गर्न, सामाजिक सञ्जालमा प्रयोग गर्ने भाषामा महिला तथा समावेशी समूहका व्यक्तिको भावनामा नकारात्मक असर पर्ने गरी गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह नहुने कुराको सुनिश्चितता गर्न, निर्वाचनमा लैंगिक तथा समावेशिता, निर्वाचनको महत्त्व र मतदान गर्ने तरिकालगायत विषयमा मतदाताहरूलाई सुसूचित गर्ने गरी आवश्यक व्यवस्था मिलाउन आयोगले स्मरण गराएको छ ।

यसैगरी निर्वाचन आचारसंहिताको पालना गर्न, समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रममा उल्लिखित समयभित्र निर्वाचन अधिकृतको कार्यालयमा समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूची पेस गरेपछि त्यसरी पेस गरेको बन्दसूची सम्बन्धित दलले सार्वजनिक गर्ने व्यवस्था मिलाउने भनिएको छ ।

राजनीतिक दलले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पार्ने एवं जातीय वा साम्प्रदायिक विद्धेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सुसम्बन्धमा खलल पार्ने जस्ता हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने, सरकारी, सार्वजनिक, सामुदायिक वा निजी सम्पतिको तोडफोड हानि नोक्सानी वा क्षति पुऱ्याउने वा पुऱ्याउन लगाउने तथा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्य गर्नेलगायत राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा २१ मा उल्लेख भएका निषेधित कुनै पनि कार्य नगर्ने र नगराउने व्यवस्था गर्न आयोगले भनेको छ ।

'राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५५ मा दलले संविधान, राजनीतिक दलसम्बन्धी ऐन तथा राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ र दलको विधानको अधीनमा रही आफ्नो दल र सोका पदाधिकारी, सदस्य र कार्यकर्ताले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागू गर्नुपर्ने र त्यस्तो आचारसंहिता सम्बन्धित दल, दलका पदाधिकारी, सदस्य र कार्यकर्ताले पालना गर्नुपर्ने, त्यस्तो आचारसंहिता पालना नगर्ने दलका पदाधिकारी, सदस्य तथा कार्यकर्तालाई दललको विधानबमोजिम कारबाही गर्नुपर्ने भन्ने कानुनी व्यवस्थालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने, गराउने,' आयोगको निर्देशनमा भनिएको छ ।

यसैगरी राजनीतिक दलहरूले राजनीतिक गतिविधि गर्दा बालबालिकालाई प्रयोग नगर्ने नगराउने व्यवस्था मिलाउनसमेत निर्देशन दिइएको छ । राजनीतिक दलहरूले राजनीतिक वा निर्वाचनसँग सम्बन्धित गतिविधि गर्दा एक दलले अर्को दललाई बाधा अवरोध पुऱ्याउने वा पुऱ्याउन लगाउने, थुनछेक गर्ने वा गराउने, निषेध गर्ने वा गर्न लगाउनेजस्ता अलोकतान्त्रिक कार्य नगर्ने नगराउने व्यवस्था गर्न आयोगले दलहरूलाई निर्देशन दिएको छ ।

■■■

### कांग्रेस नेता...

उक्त आदेशपछि बुधबार विश्वासको मत लिने तयारीमा रहेका यादवले विश्वासको मत पाउने नपाउने अवस्था देखेपछि मुख्यमन्त्री पदबाट राजीनामा दिएका थिए । न्यायाधीशद्वय हरिप्रसाद फुयाल र नित्यानन्द पाण्डेको इजलासले २४ घण्टाभित्र विश्वासको मत लिन लगाउन प्रदेश प्रमुख यादवको नाममा परमादेश जारी गरेको थियो । उनले विश्वासको मत प्राप्त गर्न नसके नेपालको संविधानको धारा १६८ (२) बमोजिम सरकार गठन वा मुख्यमन्त्री नियुक्त हुने विकल्पसमेतका विषयमा आवश्यक र उपयुक्त पहल गरी अर्को सरकार गठन वा मुख्यमन्त्री नियुक्ति सम्बन्धमा कारबाही गर्न आदेशमा भनिएको थियो ।

गत कात्तिक २४ गते नेकपा एमाले प्रदेशसभा संसदीय दलका नेता यादवलाई असंवैधानिक रूपमा मुख्यमन्त्री नियुक्त गरिएको उल्लेख गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको थियो । प्रदेश प्रमुख सुमित्रा सुवेदीले संविधानको धारा १६८ को उपधारा २ को प्रक्रिया नअपनाई उपधारा ३ अन्तर्गत असंवैधानिकरूपमा मुख्यमन्त्री नियुक्त गरेको उल्लेख गर्दै उक्त नियुक्ति गर्ने निर्णय बदरको माग गर्दै अर्जुन साहले रिट दायर गरेका थिए ।

रिट निवेदनमा नेपालको संविधानको धारा १३३ को उपधारा २ बमोजिम उत्प्रेषण आदेश जारी गरी प्रदेश प्रमुखको निर्णय बदर गर्दै संवैधानिक प्रक्रियाअनुसार पुनः सरकार गठनको प्रक्रिया अघि बढाउन रिटमा माग गरिएको थियो । सर्वोच्चले यसअघि मंसिर २ मा दीर्घकालीन महत्त्वको निर्णय नगर्न सरकारका नाममा आदेश जारी गरेको थियो ।

तत्कालीन प्रदेश प्रमुख सुवेदीले रातारात सरोजकुमारलाई मुख्यमन्त्री नियुक्त गर्दै बिहानै होटलमा शपथ गराएकी थिइन् । त्यसपछि एमालेबाहेक अन्य दलका सांसदहरूले प्रदेशसभा तथा प्रदेश प्रमुखको कार्यालयमा तोडफोडसमेत गरेका थिए । सोही प्रकरणपछि प्रदेश प्रमुख सुवेदी बर्खास्तीमा परिन् । सरकारले नयाँ प्रदेश प्रमुखमा कर्णलाई नियुक्त गरेको थियो ।

■■■

### गैरकानुनीरूपमा...

प्रहरीका अनुसार उनीहरूलाई भ्यानमा यात्रा गराइने गरेको, जसमा केही भ्यानहरू सुरक्षा मापदण्ड पूरा नगरेकोसमेत भेटिएको छ । यस्तो क्रममा एकपटक एक नेपाली नागरिकको ट्राफिक दुर्घटनामा मृत्यु भएकोसमेत प्रहरीको दाबी छ । सुरक्षाकर्मीका अनुसार तस्करको समूहले काममा लगाएका धेरै पीडितले महिनौंसम्मको तलब नपाएका र अत्यन्त कम गुणस्तरको खाना खान बाध्य भएका पाइएको छ ।

प्रत्येक वर्ष लाखौं नेपालीहरू भिजिट भिसामा विभिन्न मुलुक जाने गरेका छन् । अध्यागमन विभागको तथ्यांकअनुसार सन् २०२४ मा दुई लाख ७४ हजार ४२८ जनाले पर्यटन तथा तीर्थयात्राका लागि मुलुक छाडेका थिए । त्यस्तै २०२२ मा एक लाख ७७ हजार ३१० र २०२३ मा दुई लाख चार हजार ५३५ जना भिजिट भिसामा गएका थिए ।

प्रत्येक वर्ष यसरी घुम्न जानेहरूको संख्या बढेको देखिन्छ । तर यसरी गएकाहरू कति फर्किए भन्ने तथ्यांक सरकारसँग नहुँदा अर्को समस्या थपिएको छ । तीन वर्षको अवधिमा शंकास्पद देखिएका २० हजारभन्दा बढी विमानस्थलबाटै फर्काइएका थिए । बोरोजगारीको समस्यामा रहेकाहरूलाई आकर्षक रोजगारीको प्रलोभनमा भिजिट भिसालगायतका माध्यमबाट विभिन्न मुलुक पुऱ्याएर पारिश्रमिक नदिने, गैरकानुनी काममा लगाउने, श्रम शोषण गर्नेलगायतका घटना बाहिरिने गरेका छन् ।

■■■

### चुनाव सफल...

भयौं भने निर्वाचनमा कसैले खलल पार्न सक्दैन, खराब तत्वले आक्रमण गर्न सक्दैन ।'

तर, दलहरूले भने सुरक्षा चुनौती कायमै रहेको भन्दै प्रधानमन्त्रीको प्रतिबद्धतामाथि प्रश्न गरेका थिए । बैठकमा सहभागी नेकपा एमालेका नेता शंकर पोखरेलले चुनाव हुनै नसक्ने दाबी गरेको बैठकमा सहभागी एक नेताले बताए । नेपाली कांग्रेसका महामन्त्री गगन थापाले पनि सुरक्षा चुनौती रहेसम्म चुनाव सफल नहुने भन्दै सरकारलाई जिम्मेवार बन्न आग्रह गरेका थिए । यद्यपि, उनले कांग्रेस चुनावमा सहभागी हुने औपचारिक निर्णयका साथ अघि बढिसकेको जानकारी दिएका थिए ।

नेपाल कम्युनिस्ट पार्टीले भने सरकारको मुख्य लक्ष्य चुनाव हुनुपर्नेमा सरकार त्यसमा केन्द्रित हुन नसकेको विषय उठाएको थियो । 'यो चुनावी सरकार हो । चुनावमै अर्जुनदृष्टि लगाउनुपऱ्यो,' उक्त पार्टीका नेता प्रकाश ज्वालाले भने, 'सरकार चुनावमा केन्द्रित होस् । शान्तिसुरक्षाको वातावरण बनाउन सरकारको ध्यान जाओस् ।'

यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीले विदेशमा रहेका नेपालीले मतदान गर्न पाउने व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराएको थियो ।

दलहरूले उठाएको प्रश्नको जवाफमा प्रधानमन्त्री कार्कीले अहिलेको एकमात्र विकल्प चुनाव रहेको बताएकी थिइन् । 'अहिलेको परिस्थितिमा हरेकले भनिरहेको एउटैमात्र बाटो निर्वाचन हो, यसबाहेक अर्को विकल्प छैन,' उनले भनिन्, 'हामी जेन-जी आन्दोलनबाट आयौं तर दलका विरोधी होइनौं, राजनीतिक दललाई स्थापित गर्न नै चुनाव चाहिएको हो भनेर यहाँहरूले बुझ्नुपर्छ ।'

प्रधानमन्त्री कार्कीले थप भनिन्, 'निर्वाचन आयोगले तत्कालै सक्रिय भएर निर्वाचनको तयारी अघि बढाएको छ, सुरक्षा निकायको प्रस्तुतिले हामी सक्रिय र सक्षम छौं भनेको छ, सेनाले पनि आफ्नो काम सुरु गरिसकेको छ, प्रहरीले निरन्तर कानुनीराज स्थापनाका लागि काम गरिरहेको छ ।'

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सरकार, प्रमुख राजनीतिक दल, निर्वाचन आयोग र सुरक्षा प्रमुखहरूको संयुक्त बैठकले निर्वाचनको वातावरण थप बलियो बनेको बताए । बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले सर्वपक्षीय बैठक उपलब्धिपूर्ण रहेको र यसले निर्वाचनको माहोल तयार गरेको उल्लेख गरे ।

'संयुक्त बैठकपछि निर्वाचनमा जाने बाटो अझ बलियो बनेको छ । निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्ने वातावरणको सुनिश्चित भएको छ,' उनले भने । यसअघिका बैठकहरू द्विपक्षीय र त्रिपक्षीय हुँदै आएकामा निर्वाचनसँग सरोकार भएका सबै सरोकारवालासँग एकै थलोमा भएको बैठक र छलफलले निर्वाचनको माहोल बनेको उनको भनाइ छ ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/०३/१७ मा दर्ता भएको **प्रा. लि. नं. १२४०१४** को **सुनापुरी नेपाल ट्रेड प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०८/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०६७/०३/११ मा दर्ता भएको श्री **विगुल प्रकाशन प्रा.लि. (प्रा.लि. नं. ७३८७९)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७५/०२/१५ मा दर्ता भएको **प्रा. लि. नं. १९०४५१** को **जिवनाथ कन्ट्रक्सन एण्ड सप्लायर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७९/१०/०९ मा दर्ता भएको प्रा.लि.नं. ३०५४७० को **रेसुङ्गा फार्मेसी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिर्वतन सम्बन्धी सूचना**

**पहिलो पटक प्रकाशित मिति : २०८२/०८/२० गते**

यस कम्पनीको मिति २०८१/०९/२५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सारथी एजेन्सी**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०४/०४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सारथी होल्डिङ एजेन्सी (प्रा.लि.नं. ३१५२२९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/८/२०**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भएको तथा जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ३०८ को ४०४९.७५ घनफिट काठ र साल जातको दाउरा २.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**सुर्यकिरण सामुदायिक वन उपभोक्ता समूह, बागमती - ३, मकवानपुर**

**युएइमा रोजगार** — कम्पनी : Al Kabayel Oasis Trading LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१९ | LT. No. 318533 | चलानी नं. ६०२३२७०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Officer | 14 | 0 | 1500 | ५८,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Archievers Clerk | 2 | 0 | 1500 | ५८,८३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर २७ गते (13th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २,१९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No.: 646/063/064 **Career International Services (P.) Ltd.** धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६८३, Email : info@career-intl.com, Website : www.career-intl.com

**मलेसियामा रोजगार** — कम्पनी : KNIGHT GUARDS SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०८/१९ | LT. No. 334799 | चलानी नं. ६०२४८४५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1700 | ५९,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २,१९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1405/074/75 **CHANDRA KAMANA MANPOWER PVT.LTD.** (A.D. CAREERS PVT.LTD.) Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 9813013135/ 9851083561/9802358807/9802358802 E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

**कुवेतमा रोजगार** — कम्पनी : China State Construction Engineering Corporation Kuwait

पूर्व स्वीकृति मिति : २०८२/०२/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१९ | LT. No. 323946 | चलानी नं. ६०२३७९२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 23 | 0 | 100 | ४६,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Pipe-Laying Worker - General | 3 | 0 | 130 | ६१,०३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः Job Oriented Training Center Institute Pvt. Ltd. Kathmandu मा मितिः २०८२ मंसिर २७ गते (13th Dec. 2025) मा हुनेछ ।
PIT Training Center, Janakpur मा मितिः २०८२ मंसिर २८ गते (14th Dec. 2025) मा हुनेछ ।
Munal Training Center/Gulf Training Center, Itahari मा मितिः २०८२ मंसिर २९ गते (15th Dec. 2025) मा हुनेछ ।
Sunsari Multiple Training Center, Itahari मा मितिः २०८२ पुस १ गते (16th Dec. 2025) मा हुनेछ ।
PR Training Center, Janakpur मा मितिः २०८२ पुस २ गते (17th Dec. 2025) मा हुनेछ ।
Gajrat Training Center, Nepalgunj मा मितिः २०८२ पुस ३ गते (18th Dec. 2025) मा हुनेछ ।
Job Oriented Training Institute Pvt. Ltd. Kathmandu मा मितिः २०८२ पुस ४ गते (19th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २,३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | 10,000/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं ९५७/०६७/०६८ **All Skills International Human Resource Pvt.ltd.** Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, +977 986-9422479 E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
**Email: dhruvswamig@gmail.com**

शनिबार, २० मंसिर, २०८२

| | |
|---|---|
| **मेष** | विशेष काम, रोकिएका काम बन्नेछ । |
| **वृष** | उत्साववर्द्धक, प्रतिष्ठत व्यत्तिबाट सहयोग । |
| **मिथुन** | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| **कर्कट** | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |
| **सिंह** | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| **कन्या** | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |
| **तुला** | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ । |
| **वृश्चिक** | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| **धनु** | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| **मकर** | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| **कुम्भ** | रोकिएका काम बन्ने, आयस्रोत बढ्नेछ । |
| **मीन** | उतारचढावमा समय व्यतित हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२० मंसिर, २०८२ (०६ डिसेम्बर, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४३.५० | १४४.१० |
| युरो | १ को | १६६.५७ | १६७.२७ |
| पाउन्ड स्टिर्लङ | १ को | १८९.४३ | १९०.२२ |
| स्विस फ्रेन्क | १ को | १७८.३३ | १७९.०७ |
| अस्ट्रेलियन डलर | १ को | ९३.९६ | ९४.३६ |
| क्यानाडियन डलर | १ को | १०२.४२ | १०२.८५ |
| सिंगापुर डलर | १ को | ११०.५६ | १११.०२ |
| जापानी येन | १० को | ९.२० | ९.२४ |
| चिनियाँ युआन | १ को | २०.३० | २०.३८ |
| साउदी अरब रियाल | १ को | ३८.२३ | ३८.३९ |
| कतारी रियाल | १ को | ३९.३८ | ३९.५४ |
| थाई भाट | ख १ को | ४.४८ | ४.५० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.०७ | ३९.२३ |
| मलेसियन रिङेट | १ को | ३४.७२ | ३४.८७ |
| दक्षिण कोरियन वन | १०० को | ९.७७ | ९.८१ |
| स्विडिस क्रोनर | १ को | १५.१७ | १५.२३ |
| डेनिस क्रोनर | १ को | २२.३० | २२.४० |
| हङकङ डलर | १ को | १८.४३ | १८.५१ |
| कुवेती दिनार | १ को | ४६७.४६ | ४६९.४१ |
| बहराइन दिनार | १ को | ३८०.६४ | ३८२.२३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# तीन पत्रकारसहित चार जना पुरस्कारका लागि छानिए

■ प्रभाव संवाददाता



**काठमाडौं–** यस वर्षको 'दीपेन्द्र दोङ तामाङ स्मृति पत्रकारिता पुरस्कार' पत्रकार अञ्जु डिम्दोङलाई प्रदान गरिने भएको छ। तामाङ पत्रकार संघको २२औं स्थापना दिवसका अवसरमा प्रदान गरिने उक्त पुरस्कारका लागि डिम्दोङको नाम छनोट गरिएको हो।

ग्लोबल मिडियाकी सम्पादक डिम्दोङलाई १० हजार रूपैयाँसहित सम्मानपत्र प्रदान गरिने संघले जानकारी दिएको छ। संघका पूर्वअध्य स्व. दीपन्द्र दोङ तामाङको स्मृतिमा स्थापना गरिएको उक्त पुरस्कार आइतबार विशेष समारोहबीच प्रदान गरिने छ। सिन्धुलीकी पत्रकार डिम्दोङ २०६७ सालदेखि पत्रकारितामा सक्रिय छिन्। उनले सिन्धुलीमा स्थानीय रेडियोका साथै काठमाडौंमा रेडियो मैत्री एफएम, रातोपाटी अनलाइनलगायत विभिन्न सञ्चारमाध्यममा काम गरेकी छन्।

संघको स्थापना दिवसकै अवसरमा अन्य तीन विधाका पुरस्कारसमेत प्रदान गरिने भएको छ। संघले दिएको जानकारीअनुसार संघका संस्थापक रवीन्द्र तामाङले स्थापना गरेको 'रवीन्द्र तामाङ पत्रकारिता पुरस्कार-२०८२' पत्रकार सुनिल लामालाई प्रदान गरिने छ। 'म्हेन्दोला फोले' पोडकास्टका प्रस्तोता लामालाई १५ हजार रूपैयाँसहित सम्मानपत्र प्रदान गरिने जानकारी दिइएको छ।

यसैगरी नेपाल टेलिभिजनमा प्रसारण हुँदै आएको तामाङ भाषाको समाचार 'तामाङ तामसोर'का प्रस्तोता वीरबल तामाङलाई 'तामाङ मातृभाषा पत्रकारिता पुरस्कार-२०८२' प्रदान गरिने निर्णय भएको संघकी महासचिव सरस्वती तामाङले शुक्रबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ। उनलाई १० हजार रूपैयाँ राशिसहित सम्मानपत्र प्रदान गरिने छ।

सोही समारोहमा नाटचकर्मी शान्ति वाइबा तामाङलाई 'कालिका तामाङ नारी प्रतिभा पुरस्कार-२०८२' प्रदान गरिने भएको छ। उनलाई 'पेङ दोर्जे' नामक नाट्य पुस्तक मातृभाषामा प्रकाशन गरेर मातृभाषाको विकासमा योगदान गरेबापत दिइन लागेको हो। तामाङ वाङमयमा मातृभाषामा पुस्तक प्रकाशन गर्ने नारी प्रतिभालाई प्रोत्साहनस्वरूप दिइने यस पुरस्कारको राशि पाँच हजार रूपैयाँ र ताम्रपत्र रहेको गुठीका सदस्य नीतुसिंह लामाले जानकारी दिइन्। तामाङ पत्रकारहरूको साझा संस्था तामाङ पत्रकार संघ २०६१ मंसिर २१ गते स्थापना भएको हो। संघले सोही दिनलाई स्थापना दिवसको रूपमा मनाउँदै आएको छ।

# बालबालिकालाई अस्थायी संरक्षण र वैकल्पिक स्याहारको व्यवस्था गर्दै कामपा

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले अस्थायी संरक्षण र वैकल्पिक स्याहारको आवश्यकता भएका बालबालिकालाई एसओएस बालग्रामसँगको सहकार्यमा अभिभावकत्व प्रदान गर्ने भएको छ।

जैविक अभिभावक नभएका बालबालिकाको सुरक्षित भविष्यका लागि महत्त्वपूर्ण काम थालनी गर्न कामपाले सहकार्य गर्न लागेको कामपाकी उपप्रमुख सुनिता डंगोलको भनाइ छ।

'जोखिमपूर्ण अवस्थाबाट उद्धार गरेर ल्याएका बालबालिका झन् खराब अवस्थामा पुग्ने हुन् कि भन्ने चिन्ता भइरहन्थ्यो। बाल संरक्षणमा वर्षौं काम गरेको बालग्रामसँगको सहकार्यले त्यो चिन्ता कम भएको छ,' उनले भनिन्, 'बालबालिकाको शारीरिक र मानसिक विकास तथा भावनात्मक अवस्था व्यवस्थापनमा काम गर्नु सामान्य कुरा होइन। बालबालिकामा आत्मविश्वास जगाउन, सुरक्षित र आत्मनिर्भरतायुक्त भविष्य निर्माण गर्न संवेदनशील भएर काम गर्नुपर्छ।'

बालग्रामले विगत ५३ वर्षदेखि बालबालिकाको संरक्षणमा काम गर्दै आएको छ। कामपा क्षेत्रभित्र जोखिममा परेका वा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी संरक्षण, स्वास्थ्योपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन, पुनःस्थापना, वैकल्पिक हेरचाह, परिवार सहयोग, सामाजिक सुरक्षा, सामाजिकीकरणलगायत सेवाका लागि समझदारीसमेत भइसकेको छ।

अभिभावक गुमाएका, गुमाउने जोखिममा रहेका, वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको जोखिम र आवश्यकता मूल्याङ्कनका आधारमा कार्यक्रम सञ्चालन हुने छ। यसरी जोखिममा देखिएका जैविक परिवारसँग रहने वा बस्ने अवस्था रहेमा परिवार सवलीकरण कार्यक्रममार्फत शिक्षा, स्वास्थ्य, पोषण र जीविकोपार्जन सहायता प्रदान गरेर जैविक परिवारको संरक्षणमा रहने व्यवस्था मिलाउने छ।

जैविक परिवारसँग रहने वा बस्ने अवस्था नरहेमा पालनपोषण, शिक्षा, स्वास्थ्यलगायत सुविधासहित एसओएसद्वारा सञ्चालित परिवारमा आधारित हेरचाह कार्यक्रममा रहने व्यवस्थासमेत मिलाइने बताइएको छ। १४ वर्षभन्दा माथिका बालबालिकाको हकमा महानगरपालिकाको सिफारिसमा एसओएसले सञ्चालन गरेका व्यावसायिक तालिम केन्द्रमा उपलब्ध तालिमका विषय र सिट संख्याका आधारमा प्रशिक्षण प्रदान गरिने छ।

उद्धार गरिएका, अभिभावक गुमाएका र जैविक बाबुआमा पहिचान नभएका बालबालिकाको अस्थायी संरक्षणका लागि एसओएसको अस्थायी संरक्षणगृहमा वार्षिक १० जनाका लागि कोटा व्यवस्था गरी सेवा उपलब्ध गराइने छ। यदि परिवार फेला नपरेमा वा परिवारमा फर्काउन बालबालिकाको सर्वोत्तम हितअनुकूल नभएमा हुने नदेखिएका बालबालिका, अपांगताका कारण विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई स्वास्थ्य, शिक्षा, स्याहारलगायत सेवा प्रदान गरिने छ। *रासस*

# चितवन जिल्ला कारागारका ३० कैदीबन्दी त्रिपालमुनि

**चितवन (प्रस)–** जिल्ला कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी हुँदा त्रिपालमुनि राख्नुपर्ने बाध्यता रहेको छ। कैदीबन्दीमध्ये ३० जना त्रिपालमुनि राख्नुपरेको छ। भवनभित्र सुत्ने ठाउँ अभाव भएपछि उनीहरू त्रिपालमुनि रात बिताउन बाध्य भएका हुन्।

जेन-जी आन्दोलनपछि भागेर फर्किएका कैदीबन्दीमध्ये ४६ जनालाई स्थानान्तरण गर्दा भित्र कोठामा ठाउँ नपुग्दा उनीहरूलाई त्रिपालमुनि राख्न बाध्य भएको हो। कारागार कार्यालयका प्रमुख रविन्द्रप्रसाद ढुंगानाका अनुसार भवनभित्र ठाउँ नपुगेपछि अहिले दुई ठाउँमा १५ जनाका दरले त्रिपालमुनि राखिएको छ। कैदीबन्दीको चाप बढेसँगै राख्ने ठाउँको अभावका कारण उनीहरूलाई त्रिपालमुनि राख्नुपरेको हो।

विगतमा पनि कैदीबन्दी त्रिपालमुनि बस्नुपर्ने अवस्था रहेको बताउँदै उनले गत आर्थिक वर्षमा केही ठाउँजस्ता हालेर बनाइएको जानकारी दिए। चिसो र गर्मीको समयमा त्रिपालमुनि बस्न कैदीबन्दीलाई समस्या हुने गरेको उनले बताए। उनले भने, 'भित्र बस्ने ठाउँ पर्याप्त छैन, त्रिपालमुनि राख्नुपरेको छ, चिसोका कारण बिरामी हुन्छन् कि भन्ने डर छ।'

यस वर्ष त्रिपाल रहेको ठाउँमासमेत जस्ता हाल्ने योजना रहेको उनले बताए। यस कार्यालयमा हाल ६३० कैदीबन्दी रहेका छन्। यहाँ ५९३ पुरुष र ३७ महिला रहेका छन्। उनीहरूसँग दुई जना आश्रितसमेत रहेका छन्। कारागारको क्षमता ३० महिला र ४७५ पुरुषको रहेको छ। गत भदौ २५ गते भागेका ७४३ कैदीबन्दी फर्कनेक्रम जारी रहेको छ। भागेकामध्ये अझै ११३ कैदीबन्दी फर्कन बाँकी छन्। त्यसमा दुई बालबालिकासमेत रहेका छन्। उनीहरू फर्किएपछि थप कैदीबन्दी त्रिपालमुनि राख्नुपर्ने बाध्यता हुने कार्यालय प्रमुख ढुंगानाले बताए।

## धार्चे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
माछीखोला, गोरखा

### बोलपत्र स्वीकृतिका लागि छनोट गरिएको आशयको सूचना

**प्रकाशित मिति : २०८२/०८/१९**

यस गाउँपालिकाको मिति २०८२/०६/३० गते पहिलो पटक र मिति २०८२/०८/०२ गते दोस्रो पटक राट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार तपशिल अनुसारको ठेक्काको लागि म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक र आर्थिक प्रस्तावको मूल्यांकन गर्दा न्युनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २(१) बमोजिम सबै बोलपत्र दाताहरुलाई जानकारीको लागि बोलपत्र स्वीकृतिको आशयको सूचना प्रकाशित गरिएको छ, सो निर्णय उपर कसैको दावी, विरोध भए सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयमा निवेदन दिनु हुन समेत यसै सुचनाद्वारा जानकारी गराइन्छ।

**तपशिल :**

| क्र.स. | ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मू.अ.क. र PS बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १. | DRM/NCB/WORKS/02A/082/83 | Construction of Hulchuk Community Health Unit Building | Raju Nirman Sewa Pvt. Ltd., Pishang, Manang | NRS 55,62,850.90 | |

## मोटरसाइकल हरायो

मिति २०८२/०७/०६ गते १९:४० बजेको समयमा नागार्जुन नपा-१, रानिवनबाट निलो कलरको यमाहा १४९ सिसि मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु।

**सवारी धनी:** सन्दिप थापा
**बाइक नं.** :बा.प्र.०२-०५७ प ३७५४
**च्यासिस नं.:** MEIRG4452S00991313
**इन्जिन नं.:** G3J3E0594790
**ठेगाना:** चन्द्रकोट-४, गुल्मी
**सम्पर्क नं.:** ९८५७०९१२२४

## लेकम गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदुरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/०८/१९**

यस कार्यालयको आ.व. २०८२/०८३ अन्तर्गत मिति २०८२/०६/३० गते प्रथम पटक प्रकाशित सूचना अनुसार यस कार्यालयमा म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरुको सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ बमोजिम मुल्यांकन गर्दा तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्विकृतिको लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने सूचना प्रकासित गरिएको छ।

**तपसिल :**

| क्र.सं. | बोलपत्र नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.कर र PS बाहेक) |
|---|---|---|---|---|
| 1. | LRM/W/NCB/06/2082/2083 | Construction of Badipur Patyudi Uchakot Sadak | Anand Nirman Sewa and Suppliers | 40,38,993.00 |

**नि. प्रमूख प्रशासकीय अधिकृत**


## युएइमा रोजगार
कम्पनी : A & S CONTRACTING LL

पूर्व स्वीकृति मिति २०८१/०२/१६ | पूनः विज्ञापन स्वीकृति मिति २०८२/०८/१९ | LT. No. 305472 | चलानी नं. ६०२२०२२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 27 | 0 | 900 | ३५,३०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 26 | 0 | 900 | ३५,३०१ | | | | | | | |
| 3 | Electrician Assistant | 30 | 0 | 1100 | ४३,१४६ | | | | | | | |
| 4 | Office Clerk | 2 | 0 | 1200 | ४७,०६८ | | | | | | | |
| 5 | Store Keeper | 1 | 0 | 1200 | ४७,०६८ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः एसिया नेपाल ट्रेनिङ सेन्टर, जनकपुर उप-महानगरपालिका, धनुषामा मितिः २०८२ मंसिर २७ गते (13th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HAMDAN GLOBAL PVT. LTD.**
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com
License No. : 1563/079/080



## युएइमा रोजगार
कम्पनी : AL WAFA FACILITY SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८०/१२/०५ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०८/१९ | LT. No.301766 | चलानी नं. ६०२१६७१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 0 | 800 | ३१,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मितिः २०८२ मंसिर २८ गते (14th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम ईजाजत नं. ७७७/०६५/०६६



## साउदीमा रोजगार
कम्पनी : MUEEN HUMAN RESOURCES COMPANY-SAUDI CLOSED JOINT STOCK

पूर्व स्वीकृति मिति : २०८१/०३/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०१ | LT. No. 334481 | चलानी नं. ६०२४८४५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 100 | 0 | 1000 | ३८,३८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर २७ गते (13th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ५३२/२०६१/०६२
Tokha-10, Samakhusi, Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273, E-mail : maniishannepal@gmail.com



## कुवेतमा रोजगार
कम्पनी : GREEK HOUSE LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८२/०८/१९ | LT. No. 334835 | चलानी नं. ६०२४८४६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 4 | 150 | ७०,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर २७ गते (13th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 842/066/067
**K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.**
Sinamangal-9, kathmandu, Nepal, Tel: +977 1 5920922/ 9813333504 (Whatsapp)
E-mail : kpintloverseas@gmail.com, info@kpintloverseas.com.np, Web: www.kpintloverseas.com.np



## मलेसियामा रोजगार
कम्पनी : J&T EXPRESS SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 330303 | चलानी नं. ६०२४४०३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouse Operator | 1 | 0 | 1700 | ५६,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर २७ गते (13th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## साउदीमा रोजगार
कम्पनी : ABDUL KARIM SALEH ABDULLAH AL-BULAIHI INDUSTRIAL FACTORY ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०८/१९ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०८/०७ | LT. No. 334812 | चलानी नं. ६०२४८४५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Lording Labours | 1 | 0 | 1000 | ३८,३८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर २७ गते (13th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.१५००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SYNNET INTERNATIONAL PVT.LTD.**
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com
ISO 9001: 2008 Certified Company | Certified No. 70902

## केशवको संघर्षमय यात्रा

# कमैयाबाट उद्यमीसम्म



राजेन्द्रप्रसाद पनेरु/कञ्चनपुर

> मिलबाटै आएको आयले डगौरा परिवारको हाल जीवनस्तर नै बदलिएको छ । पहिले झुपडीमा बस्ने उनी अहिले छकोठे पक्की घर बनाएर त्यसमै बस्दै आएका छन् । मिल पनि पक्की पिलरसहित स्थायी संरचनामा विस्तार हुँदै छ । उनका पाँच छोरी र दुई छोरा सबै निजी विद्यालयमा पढ्दै आएका छन् । मिलका सबै काम मेसिन मर्मत, इञ्जिन सरसफाइ, धान-गहुँ प्रशोधन उनी आफैंले सिकेका छन्, जसले मिस्त्री खर्च पनि बचत हुन्छ ।

२० वर्षअघि कमैया मुक्तिको घोषणा हुँदा शुक्लाफाँटा नगरपालिका-१० झलारीका ५६ वर्षीय केशव डगौरासँग पुनर्स्थापनाको क्रममा पाइएको चार कठ्ठा जग्गाबाहेक कुनै सम्पत्ति थिएन । हाल उनले पक्की घरमात्र ठडयाएका छैनन्, मासिक एक लाख रूपैयाँसम्म कमाउने हैसियत बनाएका छन् ।

सामान्य संघर्षमात्रले त्यो हैसियत बनेको होइन । बाल्यकालदेखि नै गरिबी, कमैया प्रथा र श्रमको बेडामा बाँधिएका डगौराको संघर्षमय यात्रा अहिले गाउँकै लागि प्रेरणादायी बनेको छ । उनी भन्छन्, 'दुःख त धेरै भोगियो, तर मिहिनेत गरेको मान्छेलाई ईश्वरले हात समाइदिँदोरहेछ ।'

डगौराका बुबा वर्षौंसम्म जमिन्दारको घरमा कमैया थिए । आमाको मृत्यु हुँदा उनी छ महिनाका मात्र थिए । बाल्यकालदेखि नै जमिन्दारको घरमै हुर्कनुपरेको उनले १० वर्षको उमेरमा गोरु चराउने जिम्मेवारी पाए । १५ वर्ष पुग्दा बुबासँगै हलो जोत्ने काममा संलग्न भए । त्यसको केही समयमै 'सौंकी हालेर' कमैया बस्न बाध्य भए । घरजग्गा केही थिएन, आश्रय पनि जमिन्दारकै ठाउँ थियो । 'कमैया बस्नुबाहेक कुनै विकल्प थिएन,' डगौराले सम्झे ।

कमैयाको दिनचर्या अत्यन्त कठोर थियो । बिहान सबेरै हलो जोत्ने, गोरुका लागि घाँस काट्ने र फुर्सदमा जमिन्दारका भैंसी चराउने उनको दैनिकी थियो । चाडपर्वका दिन पनि गोरु स्याहारिसकेपछि मात्र बिदा मिल्थ्यो । 'दसैं, तिहार, माघी सबै दिन काम गर्नुपर्ने, कमैया जीवन भनेको कामकै बन्धन थियो,' उनले विगत सम्झँदै भने ।

सौंकी लिएको रकमको ब्याज तिर्नुपर्ने बाध्यताले वर्षौं उनी त्यही गाह्रो चक्रमा बिताए । चार भाइमध्ये कान्छा डगौराले भने, 'हामी चारै भाइ ठूलो भएपछि बुबालाई कमैया बस्न दिएनौं, तर आफैं कमैयाबाट मुक्त भने हुन सकेनौं, ती दिन सम्झँदा आज पनि मुटु काम्छ ।'

सरकारले कमैया मुक्तिको घोषणा गरेपछि डगौराको जीवनमा नयाँ मोड आयो । कमैयाका नाममा लिइएको सौंकी रकम सरकारले मिनाहा गरे पनि 'अरूको ऋण खान मिल्दैन' भन्दै उनले आफूले लिएको सौंकी रकम जमिन्दारलाई फिर्ता गरे । त्यसपछि २०५८ सालमा पुनर्स्थापना कार्यक्रमअन्तर्गत झलारी बजार नजिकै चार क√ा घरबासको जग्गा पाए । त्यहीँ झुपडी बनाएर नयाँ जीवन सुरु भयो ।

त्यही समयमा गरिबी निवारण कोषले मुक्त कमैयाहरूका लागि समूह गठन गर्न थाल्यो । डगौरा पनि सो समूहमा आबद्ध भए । समूहको कर्जा र आयमूलक कार्यक्रममार्फत किराना, पशुपालनजस्ता व्यवसाय सञ्चालन गर्ने निर्णय भयो । 'मैले बंगुर पाल्ने निर्णय गरेँ,' उनले भने, 'समूहबाट पहिलोपटक १० हजार रूपैयाँ ऋण लिएर चारवटा बंगुरका पाठा ल्याएँ तर चुनौतीहरू अझै बाक्लिँदै थिए, खानका लागि अन्न थिएन, बंगुरका लागि चारो जुटाउन त परकै कुरा भयो, केही दिन मजदुरी गरेर जीविका चल्यो, त्यसबाटै आएको रकमले बंगुरको चारो जुटाउन थालियो ।'

त्यही बेला अधियाका रूपमा दुई बिघा जग्गा खेती गर्न पाइयो । 'त्यहाँबाट आएको अन्नले परिवारको पेट पाल्नेमात्र नभई बंगुरका लागि पनि चारोको व्यवस्था भयो,' डगौराले भने, 'बचेको अन्न बेचेर समूहको ऋण तिर्न भ्याएँ, बंगुर हुर्कँदै गए, बेच्दा केही आम्दानी पनि भयो ।'

उनी अगाडि भन्छन्, 'अर्कोपटक समूहबाट ५० हजार रूपैयाँ ऋण लिने निर्णय गरेँ, सुरुमा सदस्यहरू आशंकित भए, तर कुटानी पिसानी मिल राखेर कर्जा तिर्ने अश्वासन दिएँ, त्यसपछि एउटा चक्की र धान कुट्ने हलर मेसिन राखेँ ।' त्यतिबेला झलारी क्षेत्रमा विद्युत् थिएन, त्यसैले मिल डिजेल इञ्जिनमा चलाइयो । चार वर्षभित्रै मिल चल्यो र ग्राहक बढ्दै गए ।

'मिल चलेपछि नाफा पनि मनग्य भयो,' डगौराले भने, 'ग्राहक बढेपछि सानो मेसिनले नधानेपछि ठूला मेसिन राख्ने योजना बनाएँ, यसका लागि समूहबाट लिएको कर्जा तिरेर फेरि एक लाख ५० हजार रूपैयाँ कर्जा लिएर आधुनिक मेसिन जडान गरेँ ।' यसबीच झलारीमा विद्युत् सुविधा पनि आइपुग्यो । २० हजार रूपैयाँ तिरेर डगौराले विद्युत् मिटर जडान गर्दा मिल डिजेलबाट विद्युत्मा चल्न थाल्यो ।

हालसम्म डगौराले मिलमा झण्डै सात लाख रूपैयाँभन्दा बढी लगानी गरिसकेका छन् । अहिले दुईवटा सेलर, दुईवटा स्पेलर, दुई चक्की र आवश्यक विद्युतीय मोटरसहित मिल ठूलो परिमाणमा सेवा दिन सक्षम छ । मासिक कमाइबारे उनी भन्छन्, 'खर्च कटाएर महिनामा ५० हजार रूपैयाँजति बचत हुन्छ, सिजनमा त एक लाख रूपैयाँभन्दा बढी कमाइ हुन्छ ।' मिलबाट निस्कने खलि, ब्रानजस्ता वाइ-प्रोडक्ट बेचेर पनि थप आम्दानी भइरहेको छ ।

मिलबाटै आएको आयले डगौरा परिवारको हाल जीवनस्तर नै बदलिएको छ । पहिले झुपडीमा बस्ने उनी अहिले छकोठे पक्की घर बनाएर त्यसमै बस्दै आएका छन् । मिल पनि पक्की पिलरसहित स्थायी संरचनामा विस्तार हुँदै छ । उनका पाँच छोरी र दुई छोरा सबै निजी विद्यालयमा पढ्दै आएका छन् । मिलका सबै काम मेसिन मर्मत, इञ्जिन सरसफाइ, धान-गहुँ प्रशोधन उनी आफैंले सिकेका छन्, जसले मिस्त्री खर्च पनि बचत हुन्छ । श्रीमती भागरथी चौधरी पनि मिलमै काम गर्छिन् ।

'पहिले के लगाउने, के खाने, कहाँ बस्ने भन्ने ठूलो चिन्ता थियो,' भागरथीले भनिन्, 'अब त्यो पीर छैन, कमाइले जीवन सहज भएको छ, छोराछोरीलाई राम्रो पढाइदिने मात्र चाहना बाँकी छ, हामीले विद्यालयको मुखसम्म देख्न पाएनौं, छोराछोरी पढेर ठूलो मानिस बनेको हेर्ने इच्छा छ ।'

डगौराले कुखुरा, हाँस र बंगुरपालनलाई पनि निरन्तरता दिएका छन् । कुनै बेला कमैयाको कठोर जीवनमा बाँधिएका उनीहरू अहिले मिहेनत, अनुशासन र सही निर्णयले आर्थिकरूपमा आत्मनिर्भर बनेका छन् ।

यद्यपि, डगौरा दम्पतीको एउटै गुनासो छ, 'गरिबका बालबालिकाले उच्च शिक्षा पढ्न सरकारबाट छात्रवृत्ति पाउनुपर्ने व्यवस्था सुनिन्छ, तर व्यवहारमा पाएका छैनौं, यदि त्यो सुविधा प्राप्त हुन्थ्यो भने हाम्रा छोराछोरी पनि डाक्टर, इञ्जिनियर वा पाइलटजस्ता पेसामा पुग्थे ।' डगौराको जीवनले देखाउँछ- संकट र कठिनाइ कहिले पनि अन्त्य हुँदैन, सही समय, मिहिनेत र योजना भए जीवनको दिशा परिवर्तन गर्न सकिन्छ । *रासस*

# १०० वर्ष पुरानो भुत्तेको जेरी पसल



जमुना वर्षा शर्मा/पोखरा

पोखराको भीमसेन टोलमा एक पुरानो घर छ, सामान्य मर्मत गरिएको तर घरभित्र १०० वर्षको इतिहास छ । बिहानैदेखि यहाँ मानिसको भीड लाग्छ । कतिपयलाई थाहा नहुन सक्छ, किन भीड ? बाहिर न त ठूलो साइनबोर्ड छ, न कुनै ब्यानर । तर भित्र छ पोखराको सबैभन्दा पुरानो र प्रसिद्ध 'भुत्तेको जेरी पसल ।' तातो तेलको गन्ध, चिनीको मीठाससँगै त्यहाँबाट निस्कने धुँवासमेत विशेष लाग्छ । एउटा विशेष स्वादका लागि मानिसहरू घण्टौं कुर्न तयार हुन्छन् । स्वादिलो जेरीसँग मुख मीठो बनाउन आतुरहरूमा निकै शालीनता र धैर्यता देखिन्छ ।

भुत्ते जेरीको कथा सुरु हुन्छ सिद्धिलाल चुल्याजुबाट । उनी १९७० सालमा रोजगारको सिलसिलामा म्यानमार (बर्मा) पुगेका थिए । सिद्धिलालले त्यहाँ सिकेको पाककला लिएर नेपाल फर्केपछि १९७२ सालमा पोखराको पुरानो भीमसेन टोलमा भुत्तेको मिठाइ पसल सञ्चालन गरे । व्यवसाय यति लोकप्रिय भयो कि सिद्धिलाललाई 'भुत्ते साहु' भनेर चिनिन थालियो । त्यही नाम समयसँगै रूपान्तरित हुँदै आजको 'भुत्तेको जेरी पसल' बन्न पुग्यो ।

हजुरबुबादेखि छोरासम्म अनि अहिले नातिसम्म यो व्यवसाय घरकै हातले चल्दै आएको छ । सिद्धिलालको निधनपछि आमा मिश्रीमायाले पनि छोराहरूको साथमा व्यवसाय चलाइन् । आमाको पनि निधनपछि कान्छा छोरा राजकुमार चुल्याजुले पुर्ख्यौली थलोमा व्यवसाय सम्हाले । अहिले उनका श्रीमती र छोरा एलिस पूर्णरूपमा सोही व्यवसायमा संलग्न छन् । तीन पुस्तासम्म जोडिएको यो व्यवसाय आज पोखराको पहिचान र 'ब्राण्ड' बनेको छ ।

व्यवसायमा चुल्याजु परिवारको आफ्नै समय तालिका छ । बिहान ८ बजेदेखि १२ बजे र बेलुका ४:३० देखि साँझ ६:३० बजेसम्म पसल खुला हुन्छ । अधिकांश नेपाली युवाहरू दीर्घकालीन काममा नटिक्ने र विदेश जान नै हतारिने हुँदा चुल्याजु परिवारले अरुमा निर्भर नभई परिवारको जनशक्तिलाई उपयोग गरेर व्यवसाय चलाइरहेका छन् । 'यो त खानेकुराको पसल हो नि, एकपटक खाएपछि अर्को दिन आफन्त साथीभाइलाई लिएर आउनुहुन्छ, यो खोज्दै-खोज्दै खानुपर्ने जेरी हो, त्यसैले यसको नाम 'हन्टिङ जेरी' हो,' राजकुमारले हाँस्दै साइनबोर्ड नराख्नुको कारण सुनाए । 'माग बढ्ने बेला त भ्याइनभ्याइ हुन्छ । तर स्वाद, आकार र परम्परामा कहिल्यै सम्झौता गरेका छैनौं र गर्दैनौं पनि,' उनी थप्छन् ।

> तातो तेलको गन्ध, चिनीको मीठाससँगै त्यहाँबाट निस्कने धुँवासमेत विशेष लाग्छ । एउटा विशेष स्वादका लागि मानिसहरू घण्टौं कुर्न तयार हुन्छन् । स्वादिलो जेरीसँग मुख मीठो बनाउन आतुरहरूमा निकै शालीनता र धैर्यता देखिन्छ ।
>
> व्यवसायमा चुल्याजु परिवारको आफ्नै समय तालिका छ । बिहान ८ बजेदेखि १२ बजे र बेलुका ४:३० देखि साँझ ६:३० बजेसम्म पसल खुला हुन्छ । अधिकांश नेपाली युवाहरू दीर्घकालीन काममा नटिक्ने र विदेश जान नै हतारिने हुँदा चुल्याजु परिवारले अरुमा निर्भर नभई परिवारको जनशक्तिलाई उपयोग गरेर व्यवसाय चलाइरहेका छन् ।

वि.सं. २०१७ मा राजा महेन्द्र पोखरा भ्रमणमा आउँदा सिद्धिलालले रोटीको निकै आर्कषक द्वार बनाएका थिए रे । त्यो द्वार हेरेर राजा अत्यन्त खुसी भई रत्न मन्दिरमा बोलाएर बक्सिस दिएको विषय आज पनि चुल्याजु परिवारका लागि गर्वको इतिहास बनेको छ । पूर्वराजा ज्ञानेन्द्र शाहले पनि विन्ध्यवासिनी पैदलयात्राको क्रममा यहाँको जेरी खाएका थिए । त्यो पलसमेत उनीहरूले निकै स्मरण गर्छन् । चर्चित सेलब्रेटी, पत्रकारहरू पनि सोध्दै खोज्दै आउने गरेको अनुभव राजकुमारले सुनाए ।

दसैं, तिहारमा थेगी नसक्नुको भीड हुन्छ । विदेशबाट घर आएकाहरूका लागि अझ विशेष स्थान बनेको छ यो ठाउँ । भुत्तेको जेरी खाएका मात्र होइन, नाम सुनेका पनि एकपटक 'भुत्तेको जेरी' खोज्दै पोखराको पुरानो भीमसेन बजारमा आइपुग्छन् । 'देश विदेशबाट भुत्तेको जेरी कहाँ छ ? भनेर खोज्दै आउँदा निकै खुसी लाग्छ,' राजकुमार भन्छन्, 'पहिले जेरी दाउरामा पोलिन्थ्यो, शुद्ध घिउमा हुन्थ्यो, महमा भिजाइन्थ्यो तर समयसँगै अब घिउ, मह नै साह्रै महँगो हुन थाल्यो, चिनी र तेल प्रयोग हुन्छ । तर स्वाद गुम्न नदिउँ भनेर हामी दिनरात मिहेनत गर्छौं । रङ प्रयोग गर्दैनौं । ठूलो, आकर्षक बुट्टा भएको जेरी बनाउँछौं, ग्राहकले मनपराउनु भएको छ ।' यहाँ जेरीसँगै लाखमरी, खजुर, लालमोहन, फिनी, अनरसासमेत तयार हुन्छन् ।

नेवारी समुदायका पाठपूजा, वार्षिक पूजा हरेकमा यहाँका परिकारको माग निकै बढ्ने गरेको राजकुमारकी श्रीमती दयालक्ष्मी चुल्याजु बताउँछिन् । 'चाडपर्व नेवारी समुदायको पर्वहरूमा माग बढी हुन्छ,' उनी भन्छिन् । सासु-ससुराको व्यवसायलाई निरन्तरता दिएर ग्राहकको मन जित्न पाउँदा निकै आनन्द लाग्ने उनी बताउँछिन् । 'हजुरबुबाले सन् १९१६ मा सुरु गरेको यो व्यवसायले निरन्तरता दिन पाउनु नै ठूलो अवसर हो,' राजकुमारका छोरा एलिस गर्वका साथ बताउँछन् । एलिसले व्यसायलाई विस्तार गर्दै अझ व्यवस्थित गर्ने सोच भने रहेको बताए ।

झण्डै ४४ वर्षपछि भुत्तेको जेरीको स्वाद खोज्दै आएका भाइरोलोजिस्ट डा. विष्णु उपाध्याय छोरा-नातिले निरन्तरता दिएको देख्दा निकै खुसी लागेको बताउँछन् । 'म २०३८/३९ सालतिर पोखराको रामघाटस्थित चिकित्साशास्त्र अध्ययन संस्थामा थिएँ, त्यतिबेला यहाँको जेरी खुब खान आउँथे, आज ४४ वर्षपछि पुनः पोखरा आउँदा मलाई त्यो स्वादको याद आयो, यहाँ आएर जेरी खान पाउँदा निकै खुसी लाग्यो,' उनले भने । *रासस*

# पौवादुङमामा विद्यालय छाडेका बालबालिकाको खोजी अभियान



**भोजपुर–** भोजपुरको पौवादुङमा गाउँपालिकाले विद्यालय छाडेका बालबालिकाको खोजी कार्यलाई तीव्र बनाएको छ । विद्यालय छाडेका बालबालिकाको अभिलेख संकलन, घरदैलो छलफल तथा अभिभावकसँग संवादमार्फत गाउँपालिकाले शिक्षा क्षेत्रमा देखिएका समस्या समाधान गर्न क्रियाशीलता बढाएको हो ।

'शिक्षाबाट कुनै पनि बालबालिका वञ्चित नहोऊन्' भन्ने लक्ष्यसहित सुरु गरिएको अभियानले स्थानीय समुदायमा सकारात्मक प्रभाव पारेको छ । गाउँपालिकाले शिक्षा क्षेत्रको विकासलाई प्राथमिकतामा राख्दै 'नवजात शिशु भविष्य सुरक्षा' कार्यक्रमअन्तर्गत बालबालिकालाई पाँच वर्षसम्म मासिक ५०० रूपैयाँका दरले सहयोग उपलब्ध गराउँदै आएको गाउँपालिका अध्यक्ष किरण राईले बताए । यसले अभिभावकलाई बालबालिकाको पठनपाठनमा प्रोत्साहन गर्ने अपेक्षा राखिएको छ ।

'सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउन हामीले विशेष जोड दिएका छौं,' अध्यक्ष राईले भने, 'विद्यालय बाहिर रहेका बालबालिकाको खोजी, विद्यालय छाड्नुका कारण पत्ता लगाउने र तत्काल समाधान गर्ने प्रक्रियालाई निरन्तर सञ्चालन गरिरहेका छौं ।'

यो अभियानमार्फत विद्यालय बाहिर रहेका १० जना विद्यार्थी पुनः भर्ना गरिएको गाउँपालिकाले जनाएको छ । विद्यालयलाई छाड्ने दर शून्य बनाउन गाउँपालिकाले सचेतनासँगै खोजी अभियान सञ्चालन गरिरहेको गाउँपालिकाकी उपाध्यक्ष ज्योत्सना राईले बताइन् ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईका अनुसार हाल गाउँपालिकामा रहेका ३२ वटै सामुदायिक विद्यालयमा शैक्षिक तथा भौतिक सुधारका कार्यक्रम सञ्चालन भइरहेका छन् । 'विद्यालय सुधार, सिकाइको गुणस्तर वृद्धि र बालमैत्री वातावरण निर्माणमा हामी निरन्तर केन्द्रित छौं,' भट्टराईले बताए ।

शैक्षिक सुधारसँगै गाउँपालिका अध्यक्ष छात्रवृत्ति कार्यक्रम पनि सञ्चालन भइरहेको छ । उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालयलाई सम्मान तथा आर्थिक प्रोत्साहन प्रदान गरिँदै आएको गाउँपालिका शिक्षा शाखाले जानकारी दिएको छ । यो गाउँपालिकालाई २०८१ सालमा बालश्रममुक्त स्थानीय तहसमेत घोषणा गरिएको छ ।

बालमैत्री स्थानीय तह निर्माण गर्न बालश्रममुक्त स्थानीय तह पहिलो सर्त रहेकाले गाउँपालिकाले अहिले यसमा जोड दिएको गाउँपालिकाका रोजगार संयोजक तथा बालश्रमसम्बन्धी विषयका स्रोतव्यक्ति टेकराज खड्काले बताए । गाउँपालिकाले बाल उद्धार कोष निर्माण गरेर आवश्यक कदम अघि बढाएको छ । स्थानीयवासीले गाउँपालिकाले सञ्चालन गरेको यो अभियानले विद्यालय फर्कने विद्यार्थीको संख्या बढ्ने विश्वास व्यक्त गरेका छन् । *रासस*

# राहतको पर्खाइमा भूजीखोलाका बाढीपीडित



**ढोरपाटन (बागलुङ)–** भूजीखोलाका तिरैतिर छरिएको बस्ती थियो । भर्खरभर्खर सडकले जोडिएको हुँदा स्थानीयले मोटरबाटोको छेउकुना केही पक्की त केही सामान्य खालका घर बनाएका थिए । खोलाको छोटो दूरीमै थिए, विद्यालय, स्वास्थ्य संस्था र विद्युत्गृहहरू । विकासले विस्तारै जोडिँदै गरेको विकट क्षेत्रका नागरिकमा खुसी पलाउँदै थियो । २०७७ भदौ १७ गते राति भूजीखोलामा भीषण बाढी आयो । उक्त बाढीले भूजीखोलावासीको सर्वस्व लुट्यो । दर्जनौं नागरिकको ज्यान लियो, सयौंलाई परिवार र घरबारविहीन बनायो ।

आफन्त र भएभरको सम्पत्ति गुमाएका पीडितले अझै पनि राज्यबाट सहयोग पाउन सकेका छैनन् । ३७ जनाको ज्यान जानेगरी आएको बाढीले पुऱ्याएको क्षति बेहिसाब छन् । त्योभन्दा बढी बेहिसाब छन्, बाढीपीडितको दुःख । बाढीमा परेका १५ जना अझै बेपत्ता छन् । बाढी गएपश्चात् सरकारले पीडितको पुनर्स्थापनालाई प्राथमिकता दिने भने पनि अहिलेसम्म ध्यान नपुग्न नसकेको उनीहरूको गुनासो छ । घर निर्माण गरेपछि राहत उपलब्ध गराउने भनिए पनि अहिलेसम्म धेरैले भुक्तानी पाएका छैनन् ।

बाढीले ढोरपाटन नगरपालिका-६, ७, ८ र ९ का १३१ घर बगाएको थियो । पीडितले ऋणधन गरेर अहिले घर बनाइसके । तर राहत अझै पाएका छैनन् । ढोरपाटन-९ का बाढीपीडित लालबहादुर विकले घर बनाउन सरकारले रकम पठाउने आश्वासन दिए पनि अहिलेसम्म कत्ति पनि सहयोग नपाएको गुनासो गरे । बाढीले उनको जेठो छोरा र भएभरको घरसम्पत्ति बगाएको थियो । राहत आउँछ भन्दाभन्दै पाँच वर्ष बितिसकेको भन्दै अब पाउन आशासमेत मरिसकेको उनी बताउँछन् ।

विकले भने, 'बाढीले भएभरको सम्पत्ति बगायो, छोरो बगायो, कति समय त पालमुनि बस्यौं, सधैंभरि पालमुनि बसेर जीवन चल्दोरैनछ, सरकारले पनि राहत दिन्छ घर बनाऊ भनेपछि गाउँमा ऋण काढेर घर बनायौं, तर अहिले न सरकारले पैसा दियो, न साहुको ऋण तिर्न सकियो, हामीहरू धेरै पीडामा पऱ्यौं, राज्यले राहत देला भनेका थियौं आहत दियो ।'

अर्का पीडित नारायण पुनले सरकारबाट पाउने भनिएको चार लाख रूपैयाँमध्ये अहिलेसम्म कत्ति पनि रकम पाउन नसकेको सुनाए । बाढीमा आमा र घर बगाएको भन्दै अहिले घर निर्माण गरिसकेको बताए । केही आफ्नो कमाइ र केही रकम ऋण गरेर घर बनाएको उनको भनाइ छ । नेताहरूले आफ्ना वरपरका र नजिकका आफन्तलाई मात्र राहत दिलाएको पुन बताउँछन् । 'हामी राम्रोसँग कुरा राख्न पनि नसक्ने सीधा भयौं, टाठाबाठाले त पाउनुपर्ने राहत पाइसके, राहत पाएपछि ऋण तिर्नेगरी घर बनायौं तर अहिलेसम्म पाउन सकेनौं,' उनले भने ।

सोही ठाउँका बाढीपीडित कुलबहादुर विकले घर बनाएको ऋणले अहिले समस्यामा परेको बताए । बाढीले घरजग्गासहित २२ वर्षका जेठो छोरा, २१ वर्षकी बुहारी, १८ वर्षकी छोरी र चार वर्षकी नातिनी बगाएको सुनाउँदै अहिले ऋणको भारीले थिचिरहेको विकले सुनाए । आफूले जम्मा दुई लाख ५० हजार रूपैयाँ पाएको र घर बनाउँदा पाँच लाख रूपैयाँ खर्च भएको उनको भनाइ छ ।

'बाढीले परिवार नै बगायो, सम्पत्ति बगायो, त्यसमाथि सरकारले पैसा दिन्छु घर बनाऊ भनेर भन्यो, ऋण खोजेर घर बनाएँ, न सरकारले पैसा दियो, न कतैबाट सहयोग आयो । अहिले साहुले पैसा माग्छन्, आफूलाई बिहान के खाउँ, बेलुका के खाउँ भन्ने पिर छ, अहिले ऋणले डुबायो, के गरेर तिर्ने ?, गाउँका अरु धेरै बाढीपीडितहरूको अवस्था मेरोजस्तै छ,' उनले भने ।

बाढीले ११ वटा लघुजलविद्युत् आयोजना, एउटा स्वास्थ्य एकाइ, ११ वटा झोलुंगे पुल, १० काठे पुल, पाँच ढलाने पुल, दुई विद्यालय र २० किलोमिटर सडक बगाएको थियो । बाढीले क्षति पुऱ्याएका जलविद्युत्, विद्यालयको पुनर्निर्माण भएको ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले बताए । संघीय सरकारले १८ जना बाढीपीडितलाई घर बनाउन सबै किस्ता उपलब्ध गराए पनि अझै धेरैले एक किस्ताबाहेक अरु रकम नपाएको उनको भनाइ छ ।

उपप्रमुख कायतले भने, 'पीडितहरूले प्राविधिक स्टिमेटअनुसार घर बनाउनुपर्ने हो, विभिन्न कारण उनीहरूले सकेनन्, तर घरचाहिँ सबैको बनेको छ, सरकारले दिने रकम एकतिहाइले पनि पाउन सकेका छैनन्, यसका लागि हामीहरूले पहल गरिरहेका छौं, बाढीले बगाएका विद्यालय, स्वास्थ्य संस्था, पुल र सडक पुनर्निर्माण भएर सञ्चालनमा आइसके ।' रासस

# जीवनशैलीसम्बन्धी सर्वेक्षण गर्दै कामपा

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले जनप्रतिनिधि र कर्मचारीहरूको पोषण अवस्था, आहारव्यवहार र जीवनशैलीसम्बन्धी सर्वेक्षण सुरु गरेको छ । कामपाको कृषि तथा पशुपन्छी विभागले यही मंसिर १६ गतेदेखि उक्त कार्यक्रम सुरु गरेको हो । कार्यक्रम यही मंसिर २६ गतेसम्म सञ्चालन हुने छ । यसमा २१ गतेसम्म कर्मचारी, २२ गते कर्मचारी र जनप्रतिनिधि तथा २३, २४ र २५ गते जनप्रतिनिधिका लागि समय विभाजन गरिएको छ । छुटेका सबैलाई २६ गते सहभागी गराउने कार्यक्रम रहेको विभागका प्रमुख नुरनिधि न्यौपानेले जानकारी दिए ।

सहरी जीवन क्रमशः निष्क्रिय बन्दै गएको, यसै कारण मुटु, मधुमेह, क्यान्सर, श्वासप्रश्वाससहित दीर्घरोगको जोखिम उच्च रहेकाले यसबाट बच्ने उपाय खोजी गर्न सर्वेक्षण गरिएको न्यौपानेको भनाइ छ । सर्वेक्षणबाट प्राप्त हुने नतिजाले कार्यस्थलमा स्वास्थ्य प्रवर्द्धनको नीतिगत सिफारिसका लागि तथ्य प्रदान गर्ने अपेक्षा गरिएको छ ।

सर्वेक्षणमा उचाइका आधारमा तौल (बिएमआई बडी मास इण्डेक्स) मापन, उमेर र लिंगका आधारमा बिआइए (बायोइलेक्ट्रिकल इम्पेण्डेन्स एनलाइसिस) गरेर 'बडीफ्याट,' 'भिसेरल फ्याट इण्डेक्स,' 'फ्याट फ्री मास,' 'टोटल बडी वाटर'को प्रोफाइल तयार पारिन्छ । यसरी तयार पारिने प्रोफाइलमा कामको प्रकृतिअनुसारको मोटोपना, रक्तअल्पता र जीवनशैलीका सूचक पनि समावेश हुन्छन् ।

सर्वेक्षणमा जीवनशैली र आचरणअन्तर्गत शारीरिक व्यायाम, कामको तनाव, धूमपान तथा मद्यपानको आदत, सुत्ने समय, 'डिजिटल ग्याजेट'हरूमा बिताउने समय, कार्यस्थलको वातावरणसम्बन्धी विवरण संकलन हुने न्यौपानेले जानकारी दिए । मधुमेह, हेमोग्लोबिन परीक्षणबाट रक्तअल्पता जाँच गरिन्छ । खानाको रुचिका आधारमा आहार मूल्यांकन र खाद्य समूहको अभिलेखन गरिन्छ । सर्वेक्षणमा सहभागी 'भर्टेक्स फुड्स'का अनुसन्धान व्यवस्थापक प्रतीक निरौलाका अनुसार स्थानीयस्तरमा उत्पादन भएका खानेकुरामा प्राकृतिक तत्वहरू धेरै पाइन्छ । जसकारण स्वास्थ्यका लागि बढी लाभदायक हुन्छन् । यस्ता खानेकुराको मूल्य तुलनात्मक रूपमा सस्तो हुन्छ । आफ्नो स्वादअनुसार खानेकुरा तयार पारेर खाने हो भने स्वास्थ्यका लागि राम्रो हुन्छ । कामपाका कर्मचारी र जनप्रतिनिधिका लागि गरिने यो परीक्षण क्रमशः नागरिकसमक्ष पुऱ्याएर खाद्य आचरण र जीवनशैली सुधारका लागि काम गर्ने कामपाले योजना रहेको छ ।

# खोटेहाङको कपासेभञ्ज्याङमा राष्ट्रिय विभूति उद्यान सञ्चालनमा

**खोटाङ–** खोटेहाङ गाउँपालिका-२ वाप्लुखास्थित पर्यटकीयस्थल कपासेभञ्ज्याङमा निर्माण गरिएको 'राष्ट्रिय विभूति उद्यान (पार्क)' सञ्चालनमा ल्याइएको छ । गाउँपालिकाको ७० लाख रूपैयाँ लगानीमा निर्माण गरिएको राष्ट्रिय विभूति पार्क किराँत समुदायको महान् चाड साकेला उँधौलीको अवसर पारेर बिहीबार औपचारिक रूपमा सञ्चालनमा ल्याइएको हो ।

राष्ट्रिय विभूति पार्क उद्घाटन कार्यक्रममा बृहत् साकेला सिली प्रदर्शनी कार्यक्रमसमेत आयोजना गरिएको थियो । नेपालका सबै (१८ जना) राष्ट्रिय विभूतिहरूको मूर्ति राख्नेगरी गोलो घेराभित्र निर्माण गरिएको पार्क गाउँपालिका प्रमुख उदिमबहादुर राई, उपप्रमुख रूपेश राई र प्रमुख प्रशासकीय अधिकृत महेश राईले झण्डोत्तोलनसहित मूर्ति अनावरण गरेर औपचारिकरूपमा सञ्चालनमा ल्याएका हुन् ।

प्राकृतिकरूपमै पर्यटकीयस्थल रहेको कपासेभञ्ज्याङको चौतर्फी विकास गर्नका लागि स्थानीय साने विश्वकर्माको नेतृत्वमा नौ सदस्यीय समिति गठन गरिएको छ । 'सेल्मे-कपासे-हलहले पर्यटन प्रवर्द्धन समिति' नाम दिइएको उक्त समितिले भौतिक पूर्वाधार निर्माणका साथै प्रवर्द्धनको काम गरेको हो ।

किराँत समुदायको महान् चाड साकेला उँधौली/उँभौली तथा साउने संक्रान्तिको भोलिपल्ट राँके मेलासमेत लाग्ने कपासेभञ्ज्याङमा स्थानीय बासिन्दाको आफ्नै लगानीमा ८७ घरपरिवार अट्ने एकीकृत बस्तीसमेत निर्माणाधीन अवस्थामा छ । पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा पर्ने गरेको कपासेभञ्ज्याङलाई प्रवर्द्धन गर्दै बाह्य पर्यटकसमेत भित्र्याएर आर्थिक उपार्जनको माध्यम बनाउने उद्देश्यले भौतिक पूर्वाधार निर्माणको कामलाई तीव्रता दिइएको वडाध्यक्ष पारस राईले बताए ।

बहुउद्देश्यीय पर्यटन पार्क निर्माण गर्ने उद्देश्यले काम थालिएको कपासेभञ्ज्याङमा यसअघि नेपाल सरकार पर्यटन मन्त्रालय र तत्कालीन १ नं प्रदेश (हाल कोशी प्रदेश) सरकारबाट २०-२० लाख रूपैयाँ बजेट उपलब्ध गराएको थियो । निर्माणाधीन अवस्थामै आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा परेको कपासेभञ्ज्याङमा खोटेहाङ गाउँपालिका र टेम्केमैयुङ गाउँपालिकाले सडक निर्माण, खानेपानी, बजार व्यवस्थापन, खेलमैदान तथा पोखरी निर्माणलगायतमा लगानी गरेको छ ।

करिब तीन हजार रोपनी सार्वजनिक जग्गा रहेको उक्त ठाउँमा अल्लो प्रशोधन केन्द्र र आलु भण्डारण गृहसमेत निर्माणाधीन अवस्थामा छ । कृषि ज्ञान केन्द्रले समन्वय गर्नेगरी बहुवर्षीय योजनाअन्तर्गत प्रदेश सरकारबाट प्राप्त बजेटमार्फत आलु भण्डारण गृहको काम सुरु गरिएको गाउँपालिकाले जनाएको छ ।

सात वर्षअघिदेखि पर्यटन प्रवर्द्धनको काम थालिएको कपासेभञ्ज्याङमा भोजपुरको टिटिएस सहकारी संस्थासँगको सहकार्यमा १५ हजार चियाको बिरुवासमेत रोपिएको छ । टिटिएस सहकारी संस्थाले निःशुल्क उपलब्ध गराएको चियाको बिरुवा स्थानीय बासिन्दाको सक्रियतामा २५ रोपनी खाली जग्गामा लगाइएको हो ।

कपासेभञ्ज्याङलाई प्रमुख पर्यटकीयस्थलका रूपमा विकास गर्ने योजनाका साथ आसपासका क्षेत्रमा रहेका धार्मिक तथा पर्यटकीयस्थलकोसमेत प्रवर्द्धन गर्ने काम भइरहेको गाउँपालिका प्रमुख राईले बताए । 'कपासेभञ्ज्याङलाई बहुउद्देश्यीय क्षेत्रका रूपमा विकास गर्ने अवधारण बनाएका छौं । स्थानीय तहको मात्रै लगानीले पर्याप्त नहुने भएकाले प्रदेश र संघीय सरकारसमक्षसमेत आवश्यक बजेटको माग गरिएको छ,' उनले भने, 'कपासेभञ्ज्यालाई नेपाल सरकारले तोकेको १०० वटा पर्यटकीय गन्तव्यमा पर्ने मुन्दुम ट्रेलसँग जोड्नेगरी योजना बनाएका छौं । यसले गाउँपालिकाको आन्तरिक आम्दानीको स्रोतसमेत वृद्धि हुने अपेक्षा गरिएको छ ।'

जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारबाट दक्षिणपूर्वी क्षेत्रमा पर्ने पर्यटकीयस्थल कपासेभञ्ज्याङको प्रवर्द्धनमा तीनवटै तहका सरकारले चासो देखाएपछि स्थानीय बासिन्दासमेत हर्षित भएका छन् । प्राकृतिकरूपले रमणीय कपासेभञ्ज्याङबाट उच्च हिमशृंखला, तराईका विभिन्न फाँट तथा खोटाङ र भोजपुरको सदरमुकामसमेत स्पष्ट देख्न सकिने स्थानीयवासी एवं नेपाली कम्युनिस्ट पार्टी खोटेहाङ गाउँपालिका अध्यक्ष दिपेन थुलुङले जानकारी दिए । *रासस*


Master Franchaiser: Ever Green Energy & Investment Pvt Ltd
Bagdol - 4, Lalitpur, Nepal
Contact: +977 98023561077, +977 9852041927

MRP Notice

WULING 14 Seater Electric Passenger Van

| Product Name | No of Seats | Range (NEDC) | Motor (KW) | Battery (kWh) | Made | MRP (NPRs)/Unit |
|---|---|---|---|---|---|---|
| Wuling | 14 | 302 KM | 75 | 41.86 | China | 5,000,000.00 |

साउदीमा रोजगार
कम्पनी : WRASS OPERATION MAINTENANCE COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१९ | LT. No. 323773 | चलानी नं. ६०२३७९१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner hospital | 60 | 0 | 1000 | ३८,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २७ गते (13th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७

कुवेत/ओमनमा रोजगार
कम्पनी : TWENTY EIGHT LADY BEAUTY SALON COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०८/१९ | LT. No. 334762 | चलानी नं. ६०२४८४४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 4 | 200 | ९३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AHMED ALNOUMANI TRADE LLC
पूर्व स्वीकृति मिति : २०८२/०५/२० | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०८/१९ | LT. No. 330740 | चलानी नं. ६०२४४५३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 1 | 0 | 140 | ५२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Arabic Coffe Maker | 1 | 1 | 150 | ५६,१९७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २७ गते (13th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

# प्रभाव दैनिक


रूपशाला

## 'द ब्ल्यू लाइट'को केन्द्रमा बेनिशा

पुस १० गतेबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म  हो 'द ब्ल्यू लाइट'। निर्माण युनिट यतिबेला फिल्म प्रचारमा जुटेको छ। यस्तैमा फिल्मको नयाँ पोस्टर सार्वजनिक भएको छ। जसमा फिल्मका तीन मुख्य कलाकार बेनिशा हमाल, महेश त्रिपाठी र ग्रिस्मा कटुवाल देखिएका छन्। पोस्टरको केन्द्रमा अभिनेत्री बेनिशा हमाल छिन्। बेनिशाका तीन ठाउँमा छिन्। सबैभन्दा ठूलो आकृतिमा उनी प्रसन्न मुद्रामा देखिएकी छन्। यसले उनका जिन्दगीप्रति आशा रहेको देखाउँछ। अर्को एक ठाउँमा बेनिशा महेश त्रिपाठीसँग टेबुलमा छिन्। फिल्म बलिराम चौहानले निर्देशन गरेका हुन्। चौहानको यो निर्देशनमा डेब्यु फिल्म हो। फिल्ममा बेनिशा र महेशको अलावा अर्पण थापा, आयुसमान देशराज जोशी, सृष्टि श्रेष्ठ, सुरक्षा इटानी लगायतको अभिनय छ।





शनिबार, २० मंसिर २०८२ (Saturday, 06 December 2025)


# नेपाली चलचित्रमा दर्शकको आकर्षण बढ्दो



■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो समय प्रदर्शन भएका नेपाली चलचित्रलाई दर्शकले साथ दिइरहेका छन्।

केही वर्ष अगाडिसम्म चाडपर्वमा नेपालीभन्दा विदेशी चलचित्रको वर्चस्व देखिन्थ्यो, तर पछिल्लो समय नेपाली दर्शकको प्राथमिकतामा नेपाली चलचित्र नै परेको पाइएको छ। नेपाली कला र संस्कृतिसँगै सामाजिक कथा समावेश गरेर तयार गरिएका प्रदर्शनरत चलचित्रले दर्शकको साथ पाउँदा घरेलु बजारमा राम्रो व्यापार गरेका छन्।

चलचित्र विकास बोर्डअन्तर्गत रहेको 'बक्सअफिस २ सिनेपाः'ले  सार्वजनिक गरेको पछिल्लो तथ्यांकअनुसार नेपाली चलचित्र हेर्ने दर्शक बढिरहेको पाइन्छ। चलचित्र भवनमा प्रदर्शनरत 'परान', 'जेरी अन टप', 'जारी २', 'मन विनाको धन' लगायतका चलचित्रमा दर्शकको चाप उस्तै छ। बिहीबारदेखि प्रदर्शन भएको चलचित्र 'अभिमन्यू : च्याप्टर १' मा पनि दर्शकको आकर्षण बढेको पाइएको छ। उल्लिखित चलचित्रमा नेपाली समाज, परिवेश, संघर्ष र प्राकृतिक सुन्दरता लगायतका विषयलाई कदरमा राखिएको छ।

गत कात्तिक १४ गतेदेखि प्रदर्शनरत चलचित्र 'परान'ले घरेलुबजारमा रु १६ करोडभन्दा बढीको व्यापार गरिसकेको छ। पारिवारिक कथामा तयार भएको उक्त चलचित्रले स-परिवारलाई चलचित्र भवनसम्म ल्याउन सफल भएको निर्देशक दीपकप्रसाद आचार्यले बताए।

'हाम्रो चलचित्रलाई दर्शकले आफैँले हेर्नुस् भनेर सिफारिस गरेको पाएका छौं, बुबाछोराको कथालाई धेरै दर्शकले आफ्नो कथा रहेको प्रतिक्रिया दिनुभएको छ, मैले मेरो परिवारको कथालाई चलचित्रमा ढालेर तयार गरेको हुँ, यो कथा अहिले प्रायः घर समाजसँग जोडिन्छ भन्नेमा विश्वस्त थिएँ', निर्देशक आचार्यले भने।

नीर शाह, मदनकृष्ण श्रेष्ठ जस्ता दिग्गज अभिनेताले अभिनय गरेको उक्त चलचित्रमा बुबाछोराको कथालाई देखाइएको छ। उक्त चलचित्रमा केकी अधिकारी, महेश त्रिपाठी, पूजा चन्द, अञ्जना बराइली लगायतका कलाकारले अभिनय गरेका छन्।

चाडपर्वलाई लक्षित गर्दै प्रदर्शन भएका नेपाली चलचित्रमा दर्शकको उपस्थिति बलियो देखिएको छ। विदेशीको तुलनामा नेपाली चलचित्रप्रतिको आकर्षण बढेको देखिँदैछ। घरेलु बजारमा नेपाली चलचित्रले गरिरहेको कमाईले समग्र चलचित्र क्षेत्रलाई नै सकारात्मक सन्देश प्रवाह गरेको वितरक करण श्रेष्ठले बताए।

'घरेलुबजारमा नेपाली चलचित्रले गरिरहेको रिपोर्ट हेर्ने हो भने चलचित्र भवनमा रहेका सबै नेपाली चलचित्रमा दर्शकको उपस्थिति देखिएको छ, यसले दर्शकले नेपाली चलचित्र हेर्ने चाहेको स्पष्ट सन्देश दिएको छ, अब विदेशी चलचित्र नभई स्वदेशी चलचित्र नै कमाईका हिसाबले अगाडि आउँछन्, यो तथ्य स्थापित हुँदैछ', वितरक श्रेष्ठले भने।

उनले दर्शकको विश्वास जित्ने चलचित्र आगामी दिनमा पनि तयार गर्न निर्माता तथा निर्देशकलाई आग्रह गरे। निर्देशक पुर्नेन्दु झाले पनि पछिल्लो समय नेपाली चलचित्र हेर्ने प्रचलन बढेको महसुस गरेको बताए। विशेष प्रदर्शनी वा चलचित्र भवनमा पुगेर प्रदर्शन भएका प्रायः चलचित्र हेर्ने गरेको उनले जानकारी दिए।

'म चलचित्र निर्देशक भएकाले पनि प्रदर्शन भएका प्रायः चलचित्र हेर्छु, धेरै चलचित्र दर्शकसँगै बसेर सार्वजनिक प्रदर्शनमा हेर्ने गरेको छु, पहिलेको तुलनामा दर्शक बढेका छन्, साथै दर्शक सन्तुष्ट पनि छन्, यही क्रम बढ्ने हो भने नेपाली चलचित्रले विदेशी चलचित्रलाई विस्तारै विस्थापित गर्छ', निर्देशक झाले भने।

उनले नेपाली चलचित्र हेर्ने दर्शक बढ्नु, व्यावसायिक घराना आकर्षित हुने समग्र चलचित्र क्षेत्रकै लागि सुखद हुने विश्वास व्यक्त गरे। केही वर्ष अगाडिसम्म दसैं, तिहार, नयाँ वर्ष लगायतका बिदामा विदेशी चलचित्रकै वर्चस्व देखिन्थ्यो, तर पछिल्लो समय भने नेपाली चलचित्रले विदेशीलाई विस्थापित गरिरहेको छ।

सोही कारण चलचित्र वितरकले महंगो मूल्यमा विदेशी चलचित्र नेपाल ल्याउन छाडेका छन्। यो नेपाली चलचित्रका लागि समग्रमा सुखद संकेत हो।

# 'फ्यान चल्यो घामको धुपैमा' रोमान्टिक उदय र बिना

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'केह दो', 'होना था जो' लगायत करिब आधा दर्जन बलिउड गीतका गायक उज्वल बाबुको नेपाली गीत 'फ्यान चल्यो घामको धुपैमा' सार्वजनिक भएको छ। गीत गायनमा उज्वललाई 'मेरो भ्वाइस युनिभर्स सिजन २'की प्रतियोगी गायिका जुनु प्रसाईले साथ दिएकी छन्।

रोमान्टिक शैलीमा तयार गीतमा प्रेमीले प्रेमीलाई अहिले माया देखाएरपछि ल्याङल्याङ गर्दै धोक दिन नमिल्ने र जीवनभर साथ दिनुपर्ने आशय राखेका छन्। गीतमा शब्द, संगीत र एरेन्ज बाबुल गिरीको छ।

गीतको आकर्षक भिडियो पनि बनेको छ। जसमा उदयराज गिरी र बिना राउतको अभिनयमा छ। गीतमा दुबैलाई रोमान्टिक प्रेम जोडीको रूपमा प्रस्तुत गरिएको छ। मोडल गिरी एनआरएन पोल्याडका २०२५ देखि २०२७ सम्मका लागि महासचिव हुन्।



सुरेन्द्र बसेलको कोरियोग्राफी तथा निर्देशन रहेको भिडियोमा दिनेश पराजुलीको छायांकन र राकेश दाहालको सम्पादन छ। भिडियोलाई अनुराधा गिरी र मदन प्रसाईले निर्माण गरेका हुन्।

गायक उज्वल नेपाली हुन्। बिगत ७ बर्षदेखि भारतमा रहेर निरन्तर संगीतमा क्रियासिल उनले थुप्रै हिन्दी गीतमा स्वर दिएका छन्। भारतमै २ बर्ष क्लासिकल र प्लेब्याक गायक कोर्ष गरेका उज्वलले म्युजिक उत्पादन तथा साउन्ड इन्जिनियरिङमा डिप्लोमा पनि गरेका छन्। भारतमै नेपाली डबिङ पनि गर्दै आएका उनी बलिउडका बिभिन्न शोसँग आवद्ध पनि छन्।

# फिल्म 'अखण्डा २' को रिलिज स्थगित

**मुम्बई–** तेलुगु सुपरस्टार नन्दमुरी बालकृष्णको बहुप्रतीक्षित फिल्म 'अखण्डा २' आज शुक्रबार (डिसेम्बर ५) देखि चलचित्र घरमा प्रदर्शनको तयारीमा थियो। अन्तिम समयमा आएर फिल्मको प्रदर्शन स्थगित गरिएको छ। फिल्मको सुरुमा प्रिमियर शो रद्द भएको थियो। गतराति निर्माताहरूले फिल्मको रिलिज नै हालका लागि स्थगित भएको घोषणा गरेका छन्।

फिल्मको प्रदर्शन रोकिएको निर्माण युनिटले सामाजिक सञ्जाल ट्विटरमार्फत जानकारी दिएका हुन्। उनीहरूले लेखेका छन्, 'भारी मनका साथ हामीलाई यो सूचित गर्दा दुःख लागेको छ कि 'अखण्डा २' अपरिहार्य परिस्थितिका कारण निर्धारित समयमा रिलिज हुन सक्नेछैन। यो हाम्रो लागि निकै दुःखद क्षण हो। फिल्म कुरिरहेका फ्यानहरूलाई यसले कति निराश बनाएको छ भन्ने हामी बुझ्छौं। हामी छिट्टै सकारात्मक खबर गर्छौं।'

यसअघि फिल्मको प्रिमियर शो पनि रद्द भएको थियो। त्यतिबेला निर्माताहरूले 'प्राविधिक समस्या' का कारण प्रिमियर रद्द गर्नुपरेको बताएका थिए। अहिले फिल्मको रिलिज नै अनिश्चितकालका लागि सरेको छ।

**किन रोकियो फिल्म ?**

फिल्मको रिलिज स्थगित हुनुको मुख्य कारण कानुनी विवाद हो। मद्रास उच्च अदालतले इरोज इन्टरनेसनल मिडिया लिमिटेडद्वारा दायर गरिएको अपिलमा सुनुवाइ गर्दै फिल्मको स्क्रिनिङमा रोक लगाएको छ।

मिडिया रिपोर्टकाअनुसार यो विवाद इरोज र निर्माताबिचको पुरानो आर्थिक लेनदेनसँग सम्बन्धित छ। इरोजको पक्षमा भएको एक फैसला अनुसार कम्पनीले १४ प्रतिशत ब्याजसहित करिब २८ करोड भारु क्षतिपूर्ति पाउनुपर्ने दाबी गरिएको छ।

'अखण्डा २' सन् २०२१ मा प्रदर्शन भएको ब्लकबस्टर फिल्म 'अखण्डा' को सिक्वेल हो। बोयापति श्रीनुद्वारा निर्देशित यस फिल्ममा नन्दमुरी बालकृष्णका साथै संयुक्ता, आधी पिनिसेट्टी र हर्षाली मल्होत्रा मुख्य भूमिकामा छन्।

## रंगशाला

**एनपिएल २०२५**

# लुम्बिनी प्लेअफ पुग्यो

## जनकपुर, पोखरा र चितवन बाहिरिए



■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीमा जारी दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) मा लुम्बिनी लायन्स प्लेअफमा पुग्ने अन्तिम टोली बनेको छ। शुक्रबारको खेलमा लुम्बिनीले जनकपुर बोल्ट्सलाई चार विकेटले हराउँदै प्लेअफमा पुगेको हो।

लुम्बिनी प्लेअफ पुग्दा जनकपुर, पोखरा एभेन्जर्स र चितवन राइनोज एक खेल अगावै खेलबाट बाहिरिएका छन्। यसअघि सुदूरपश्चिम रोयल्स, काठमाडौं गोर्खाज र विराटनगर किङ्स प्लेअफमा सुरक्षित भइसकेका छन्।

खेलमा जनकपुरले दिएको १३३ रनको लक्ष्य लुम्बिनीले १९ दशमलव पाँच ओभरमा छ विकेटको क्षतिमा भेट्टाएको छ।

लुम्बिनीका कप्तान रोहित पौडेलले सर्वाधिक ३४ रन हिर्काएका छन्। बलिङमा जनकपुरका संगीथ कुरेले तीन विकेट लिए।

यसअघि त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट रंगशाला कीर्तिपुरमा टस जितेर पहिला ब्याटिङ गरेकामा जनकपुरले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा १३२ रन बनाएको थियो। जनकपुरका लागि संगीथ कुरेले सर्वाधिक ४५, मयन यादवले २७, आशिफ शेखले २० रनको योगदान गरेका छन्। लुम्बिनीका कप्तान पौडेल र शेर मल्लले समान दुई/दुई विकेट झारे।

**प्रदेशस्तरीय यु-१६ फुटबल:**

# तालवेसी र नेपाल पुलिस सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**दमौली (तनहुँ)–** तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित नेपाल पुलिस स्कुलको आयोजनामा जारी गण्डकी प्रदेशस्तरीय यु-१६ फुटबल प्रतियोगिताअन्तर्गत आज भएको खेलबाट तालवेसी मावि र आयोजक नेपाल पुलिस स्कुल सेमिफाइनल प्रवेश गरेका छन्।

मीन माविलाई हराउँदै तालवेसी सेमिफाइनल पुगेको छ। तालवेसीले मीन माविलाई ३-१ गोलले पराजित गरेको छ। तालवेसीका कृष्ण थापाले तीन र मीनका निशान शाहीले एक गोल गरे।

यस्तै नेपाल आदर्श माविलाई ३-२ गोलले हराउँदै आयोजक नेपाल पुलिस सेमिफाइनल प्रवेश गरेको छ। नेपाल पुलिसका राम क्षेत्रीले दुई र सुजल पराजुलीले एक गोल गरे। नेपाल आदर्शका विधान थापा र अमर गुरुङले एक-एक गोल गरे।

यस्तै अर्को खेलमा ज्ञान बगैंचा बोर्डिङ स्कुलले बाल विद्या सेकेण्डरीलाई ३-१ ले पराजि गरेको छ। यस्तै कञ्चनजंघा सेकेण्डरी स्कुलले लिटल गार्डेन बोर्डिङ स्कुललाई २-० ले पराजित गर्यो। ज्ञान बगैंचा र कञ्चनजंगा क्वाटरफाइनल प्रवेश गरेको छ।

विद्यालयस्तरको फुटबल विकासलाई निरन्तरता दिने उद्देश्यसहित मङ्सिर २१ गतेसम्म आयोजना हुने प्रतियोगितामा गण्डकी प्रदेशका विभिन्न जिल्लाका १६ विद्यालयको सहभागिता रहेको छ। खेलभावना विकास, अनुशासन र नेतृत्व क्षमता वृद्धि, प्रदेशका विद्यार्थीमा खेलकुदप्रतिको रुचि बढाउन, उत्कृष्ट खेलाडी पहिचान गर्ने उद्देश्यसहित प्रतियोगिताको आयोजना गरिएको विद्यालयका प्राचार्य रामचन्द्र शाहीले जानकारी दिए।

प्रतियोगितामा विजेताले रु ५० हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले रु २५ हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। सर्वोत्कृष्ट खेलाडीले नगद रु चार हजार, मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन्। उत्कृष्ट गोलरक्षक, सर्वाधिक गोलकर्ता र उदयमान खेलाडीलाई जनही रु दुई हजारका दरले पुरस्कार प्रदान गरिने छ।

**साफ महिला क्लब च्याम्पियनसिप:**

# नासरिनविरुद्ध एपिएफको सानदार जित

**काठमाडौं (प्रस)–** नेपाल एपिएफ क्लबले साफ महिला क्लब च्याम्पियनसिपमा नासरिन स्पोर्ट्स क्लबविरुद्ध ४-० को शानदार जित हासिल गरेको छ। शुक्रबार प्रतियोगिताको पहिलो दिन त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सम्पन्न दोस्रो खेलमा एपिएफलाई जित दिलाउन स्ट्राइकरद्वय रश्मिकुमारी घिसिङ र मीना देउवाले समान दुई गोल गरे। पहिलो हाफमा एक गोलको अग्रता बनाएको एपिएफले त्यसपछि तीन गोल गर्यो।

बल पोसेसन कायम राखे पनि गोलका लागि संघर्ष गरिरहेको एपिएफका लागि रश्मीले खेलको ३७औं मिनेटमा 'डेडलक' तोडेकी थिइन्। रश्मीको गोल हिराकुमारी भुजेलको क्रसबाट सम्भव भएको हो।



राइट साइडबाट हिराको क्रसलाई रश्मीले बललाई पोस्टको दिशा दिन खोजिन्। तर, बल अनियन्त्रित रक्षापङ्क्तिमा अल्झियो। अल्झिएको बललाई अर्का स्ट्राइकर मीना देउवाले रश्मीलाई 'ब्याक पास' खेलिदिइन्। प्राप्त बललाई रश्मीले पहिलो बारको दिशा दिइन्। त्यसअघि खेलको १० मिनेटभित्र एपिएफ दुईपटक गोलको निकै करिब थियो। तर, अनिता बस्नेत र रश्मीको प्रहार गोलकिपर मेघला रानी रोयले बचाएकी थिइन्।

दोस्रो हाफमा मीनाले ७०औं मिनेटमा अग्रतालाई दोब्बर बनाइन्। त्यसपछि रश्मीले ८०औं मिनेटमा गोल गरेपछि एपिएफ ३-० ले अगाडि बढेको थियो। इन्जुरी समयमा मीनाले फेरि गोल गरिन्।

दिल्लीमा मोदी-पुटिन भेट

# रणनीतिक साझेदारीको नयाँ चरण



**नयाँदिल्ली–** चार वर्षपछि भारतीय भूमिमा पुनः भेट भएका प्रधानमन्त्री नरेन्द्र मोदी र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीचको बिहीबारको अन्तरक्रिया कूटनीतिक औपचारिकतामात्र नभई, बदलिँदो विश्व व्यवस्थाबीच पुरानो मित्रताको पुनःमापन गर्ने महत्त्वपूर्ण क्षण मानिएको छ ।

सन् २०२१ डिसेम्बरपछि पहिलोपटक भारत आएका राष्ट्रपति पुटिनलाई प्रधानमन्त्री मोदीले प्रोटोकल तोडेर व्यक्तिगतरूपमा स्वागत गरे । दुवै नेताले एउटै कारमा यात्रा गर्दै लोककल्याण मार्गस्थित प्रधानमन्त्रीको निवाससम्म पुगे ।

प्रधानमन्त्रीले रुसी अतिथिलाई रुसी भाषामा अनुदित पवित्र भागवद् गीताको प्रतिलिपि उपहार दिँदै यस शास्त्रले विश्वभरका लाखौं मानिसलाई प्रेरित गर्ने बताए । पालम विमानस्थलमा प्रधानमन्त्रीले पुटिनलाई आलिंगन गर्दै स्वागत गर्दा परम्परागत नृत्यगानले वातावरण झन् उत्साहपूर्ण बनेको थियो । प्रधानमन्त्री मोदीले सामाजिक सञ्जाल एक्समा भारत-रुस मित्रतालाई ‘समय-परीक्षित’ भन्दै राष्ट्रपति पुटिनलाई पुनः स्वागत गर्न पाउँदा खुसी रहेको उल्लेख गरे ।

पूर्वकूटनीतिज्ञ अरुण सिंहले भारत-रुस सम्बन्ध राजनीतिक समर्थन, रक्षा सहयोग र परम्परागत विश्वासमा आधारित भएकाले पुटिनको यो भ्रमण अत्यन्त महत्त्वपूर्ण रहेको टिप्पणी गरे । उनका अनुसार संयुक्त राष्ट्र सुरक्षा परिषद्मा रुसले भारतलाई दिएको निरन्तर समर्थनले दुवै मुलुकबीचको स्थायी साझेदारीलाई अझ मजबुत बनाएको छ ।

भारत प्रस्थान गर्नुअघि दिएको अन्तर्वार्तामा राष्ट्रपति पुटिनले प्रधानमन्त्री मोदीको अडिग नेतृत्व, स्पष्ट दृष्टिकोण र बाह्य दबाब नमान्ने क्षमताको प्रशंसा गर्दै भारतलाई प्रमुख विश्वशक्ति भएको उल्लेख गरे । उनले मोदीसँगको सम्बन्धलाई व्यावसायिक र व्यक्तिगत दुवै स्तरमा विश्वास र दीर्घकालीन सहयोगमा आधारित रहेको बताए । युक्रेन द्वन्द्व आरम्भ भएदेखि पुटिनको यो पहिलो विदेश यात्रा भएकोले यस भ्रमणलाई अन्तर्राष्ट्रिय क्षेत्रमा पनि विशेष ध्यानका साथ हेरिएको छ ।

क्रेमलिन र भारतीय विदेश मन्त्रालय दुवैले पुटिनको भ्रमणले विशेष र विशेषाधिकार प्राप्त रणनीतिक साझेदारीलाई अझ सुदृढ, द्विपक्षीय प्रगतिमाथि समीक्षा र विश्व तथा क्षेत्रीय मुद्दामा आपसी धारणा आदानप्रदान गर्ने अवसर प्रदान गरेको बताएका छन् । *रासस/एएनआई*

## भारतलाई इन्धन आपूर्ति जारी राख्ने पुटिनको आश्वासन

**नयाँदिल्ली–** रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले शुक्रबार भारतलाई इन्धनको निर्वाध ढुवानी जारी राख्ने प्रतिबद्धता जनाएका छन् । पुटिनको यो प्रतिबद्धताले नयाँदिल्लीलाई मस्कोबाट तेल खरिदमा अमेरिकी दबाबको सामना गर्दा राहत दिने अपेक्षा गरिएको छ ।

पुटिनले नयाँदिल्ली भ्रमणका अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट्दै भने, ‘रुस तेल, ग्यास, कोइला र भारतको ऊर्जाको विकासका लागि आवश्यक सबै कुराको भरपर्दो आपूर्तिकर्ता हो । हामी तीव्र गतिमा बढिरहेको भारतीय अर्थतन्त्रका लागि इन्धनको निरन्तर आपूर्ति सुनिश्चित गर्न तयार छौं ।’

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अगस्टमा भारतका धेरै उत्पादनहरूमा ५० प्रतिशत कर लगाएपछि, भारतले रूसी तेलको निरन्तर खरिदलाई उद्धृत गर्दै उक्त निर्णयको औचित्य राखेको थियो ।

प्रधानमन्त्री मोदीले पुटिनलाई भारतप्रतिको अटुट प्रतिबद्धताका लागि धन्यवाद दिँदै ऊर्जा सुरक्षालाई भारत-रुस साझेदारीको बलियो स्तम्भ भएको बताए । उनले पुटिनलाई ‘मेरा मित्र’ भनेर सम्बोधन गर्दै दुई देशको लामो समयदेखि रहेको सम्बन्धको प्रशंसा पनि गरे ।

भेटका क्रममा अधिकारीहरूले रोजगारी, स्वास्थ्य, ढुवानी र रसायन क्षेत्रका सम्झौताहरू आदानप्रदान गरे । मोदीले पुटिनलाई सन् २०३० सम्मको आर्थिक सहयोग कार्यक्रममा सहमति भएको जानकारी दिए । उक्त सहमतिले व्यापार र लगानीलाई विविधीकृत, सन्तुलित र दिगो बनाउने विश्वास दिलाएको छ । *रासस/एएफपी*

# चीन भ्रमणको अन्त्यमा म्याक्रोनको सांस्कृतिक स्पर्श

**चेंगदू (चीन)–** फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले युक्रेन र व्यापारसम्बन्धी महत्त्वपूर्ण र केही कडा कूटनीतिक वार्तापछि शुक्रबार चीनको आफ्नो चौथो राजकीय भ्रमणलाई थप हल्का र मैत्रीपूर्ण शैलीमा समापन गरेका छन् । दक्षिणपश्चिमी सिचुआन प्रान्तको चेंगदू सहरमा उनले प्राचीन बाँध, पाण्डा तथा पिङ-पङसँग जोडिएका सांस्कृतिक कार्यक्रमहरूमा सहभागी भएर भ्रमणलाई सहज वातावरणमा समाप्त गरे ।



राष्ट्रपति म्याक्रोन र उनकी पत्नी ब्रिजिट म्याक्रोनले राष्ट्रपति सी चिनफिङ तथा उनकी पत्नीलाई बेइजिङस्थित ग्रेट हल अफ द पिपलभन्दा बाहिरको परिवेशमा भेट्न चेंगदू जाने कार्यक्रम राखेका थिए । गत वर्ष मे महिनामा फ्रान्सकै पाइरेनिस क्षेत्रमा राष्ट्रपति सीलाई स्वागत गरेकाले यसपटक उनले सो आतिथ्यलाई प्रतिउत्तरस्वरूप निकै विशेष भावका रूपमा लिएको बताए । म्याक्रोनले यसले दुवै देशबीच विश्वास, सद्भाव र सहयोग गर्न इच्छाशक्ति रहेको स्पष्ट संकेत दिएको टिप्पणी गरे ।

यसै क्रममा राष्ट्रपति सीले आफ्ना पाहुनालाई करिब ७२६ मिटर उचाइमा रहेको प्रसिद्ध माउन्ट किङचेङतर्फ लगे, जहाँ प्राचीन सिँचाइ प्रणाली र विशाल बाँध अवस्थित छ । दुवै राष्ट्रप्रमुख दम्पतीबीचको भेटघाट दिगो मित्रता र बहुसांस्कृतिक आदानप्रदानलाई सुदृढ पार्ने अवसरका रूपमा हेरिएको छ । भेटपछि म्याक्रोन दम्पतीले आफ्नो अलग-अलग सांस्कृतिक कार्यक्रम पनि तय गरेका छन् ।

चीनको चौथो ठूलो तथा सांस्कृतिकरूपमा खुला रहेको चेंगदू सहरमा राष्ट्रपति म्याक्रोनले विद्यार्थीहरूसँग अन्तरक्रिया गर्ने छन् । सोही समयमा ब्रिजिट म्याक्रोनले विश्वप्रसिद्ध चेंगदू जायन्ट पाण्डा ब्रिडिङ रिसर्च बेसको भ्रमण गर्दै ‘पाण्डा कूटनीति’ को प्रत्यक्ष अवलोकन गर्ने कार्यक्रम छ । सन् २०१२ मा फ्रान्सलाई ऋणमा दिइएका दुई पाण्डा भर्खरै चीन फर्किएका छन् । त्यहीँ उनले सन् २०१७ मा फ्रान्समै जन्मिएको पहिलो विशाल पाण्डा ‘युआन मेङ’ (जसकी उनी आधिकारिक ‘गडमदर’ हुन्)लाई फेरि भेट्ने छन् । सिचुआनको जंगल हिउँ चितुवा र विशाल पाण्डासहितका दुर्लभ प्रजातिका बासस्थानका रूपमा चिनिन्छ ।

फ्रान्सेली राष्ट्रपति म्याक्रोनले पेरिस २०२४ ओलम्पिकका स्टार टेबल टेनिस खेलाडी एलेक्सिस र फेलिक्स लेब्रुन दाजुभाइलाई पनि भेट्ने छन् । उनीहरू हाल चीनमा मिश्रित टोली विश्वकपमा सहभागी भइरहेका छन् । यसले दुवै देशबीच खेल सहयोग तथा सांस्कृतिक सम्बन्धसमेत मजबुत भएको संकेत दिन्छ ।

भेटघाटहरूको वातावरण सहज र मैत्रीपूर्ण देखिए पनि यस भ्रमणमा गम्भीर विषयहरूको चर्चा पनि केन्द्रमा रहयो । बेइजिङमा बिहीबार राष्ट्रपति म्याक्रोनले युक्रेनमा जारी युद्ध अन्त्य गर्न चीनले प्रभावकारी भूमिका खेल्नुपर्नेमा जोड दिएका थिए । साथै फ्रान्स-चीन तथा युरोप-चीनबीचको बढ्दो व्यापार असन्तुलनलाई सुधार गर्न आग्रह गरेका थिए । चीनले शान्ति वार्ताका लागि निरन्तर आह्वान गर्दै आए पनि रूसको आक्रमणबारे प्रत्यक्ष टिप्पणी नगर्ने नीति कायम राखेको छ । पश्चिमी मुलुकहरूले चीनमाथि रूसलाई अप्रत्यक्ष रूपमा आर्थिक र प्राविधिक सहयोग गर्दै आएको आरोप लगाउने गरेका छन्, जसलाई चीनले अस्वीकार गर्दछ ।

फ्रान्समा चिनियाँ लगानी बढाउन राष्ट्रपति म्याक्रोनले राखेको आग्रहलाई केही सकारात्मक संकेतहरू देखिएको छ । यसै क्रममा बिहीबार दुवै पक्षबीच पारस्परिक लगानी विस्तार गर्ने उद्देश्यको आशयपत्रमा हस्ताक्षर भएको छ । राष्ट्रपति सीले ‘निष्पक्ष व्यापार वातावरण’ कायम गर्दै आपसी लगानी र व्यापारिक साझेदारी सुदृढ गर्न चीन तयार रहेको बताएका थिए । *रासस/एएफपी*

# भारतका खानी क्षेत्रमा सौर्य बत्तीले महिलामा आशा र आत्मनिर्भरता



**ब्यावर (भारत)–** लाखौं श्रमिक रहेको भारतको पश्चिमी राजस्थानमा धुलो, रोग र गरिबी दैनन्दिन चुनौतीजस्तै छन् । यही कठोर वातावरणबीच सन्तोष देवीजस्ता महिलाहरूले सौर्य इञ्जिनियरिङ सिकेर आफ्नो घर-परिवारमा उज्यालो र आशा फिर्ता ल्याउन सफल भएका छन् । खानीमा दशकौंसम्म काम गर्दा श्वासप्रश्वास बिग्रिने पुरानो रोग सिलिकोसिसबाट उनका पति ओछ्यानमै परेपछि, परिवारको भविष्य बचाउन सन्तोषले हातमा नयाँ सीप लिन बाध्य भइन् ।

राजस्थानका करिब ३३ हजार खानीमा अत्यधिक मात्रामा पाइने सिलिका धुलोको दीर्घसम्पर्कले उत्पन्न हुने यो रोग त्यहाँका हजारौं परिवारको दैनन्दिन त्रास हो । आफ्ना चार सन्तानसहित बस्दै आएकी ३६ वर्षीया सन्तोष बेयरफुट कलेज, तिलोनिया, ब्यावरभन्दा दुई घण्टा टाढा, तीन महिनाको सौर्य इञ्जिनियरिङ तालिममा सहभागी भएपछि पहिलोपटक आर्थिक आत्मनिर्भरता बटुल्न सफल भएकी छन् । प्यानल जडानदेखि तारजोड, बत्ती जडानदेखि मर्मतसम्म सिकेपछि उनले गाउँमै विद्युत् नपुगेका घरहरू उज्यालो बनाउन योगदान गरिरहेकी छन् ।

उनका पति सिलिकोसिसका कारण अब मुस्किलले हिँड्डुल गर्नसक्छन् । चिकित्सकीय खर्च निकै महँगो छ र राज्यले दिने न्यून भत्तामात्र नै नियमित आयको स्रोत बनेको छ । यसैबीच बेयरफुट कलेजले स्थापित गरेको कार्यक्रमले सन्तोषजस्ता महिलालाई रोजगारी, आत्मविश्वास र घरसम्भारको विकल्प प्रदान गरेको छ । संस्थानका प्राविधिक प्रबन्धक कमलेश विष्टका अनुसार सन् १९७२ मा स्थापना भएदेखि हालसम्म ९६ देशका तीन हजारभन्दा बढी महिलालाई तालिम दिने कलेजको मुख्य लक्ष्य ग्रामीण महिलालाई स्वावलम्बी बनाउनु हो ।

निरक्षर सन्तोषको सपनासमेत साधारण छैन । उनी आफ्ना पाँचदेखि २० वर्ष उमेरका छोराछोरीलाई ‘राम्रो शिक्षा र उज्यालो भविष्य’ दिन चाहन्छिन् । अहिले थोरै भए पनि सौर्य प्यानल जडानबाट आम्दानी गर्न थालेकी उनी भविष्यमा महिनामा करिब ७० अमेरिकी डलरबराबर कमाउने आशा राख्छिन् । परिवारबाट टाढा बसेर प्रशिक्षण लिनु कठिन भएको स्वीकार्दै पनि उनले यो सबै ‘लायकको यात्रा’ भएको बताइन् ।

सन्तोषले गर्वका साथ तीन घरमा आफूले जडान गरेका फोटोभोल्टिक प्यानल देखाइन्, जसले बत्ती, फचान र चार्जर चलाउने आवश्यक विद्युत् उत्पादन गरिरहेका छन् । मरुभूमिमा फैलिएको ‘स्लो किलर’ उनका पतिले वर्षौंसम्म बलौटे ढुंगा काट्दै पेभर निर्माणका लागि लगिने ढुंगा निकाल्ने कठिन काम गरे । अहिले १६ डलरको मासिक भत्ताबाहेक आयको कुनै स्रोत छैन, औषधि महँगो छ र स्वास्थ्य झनै ओरालो । आँसु पुछ्दै सन्तोषले गहना बेचेको, आफन्तसँग पैसा उधारो लिएको र आफ्नो मंगलसूत्रसमेत राखेको बताए ।

राजस्थानभर हजारौं मानिस यस्तै अवस्थाबाट गुज्रिरहेका छन् । अजमेर जिल्लामात्रै पाँच हजारदेखि छ हजार बिरामी रहेको पल्मोनोलोजिस्ट लोकेशकुमार गुप्ता बताउँछन् । केही गाउँमा त १०० भन्दा बढीको अवस्था दयनीय छ । सन्तोष बस्ने ४०० घरको गाउँमामात्रै ७० जना सिलिकोसिसबाट पीडित छन् । विस्तारै शरीर निष्क्रिय बनाउने यो रोगको उपचार प्रायः हुँदैन ।

खानी मजदुरहरूमध्ये धेरैले छ डलरभन्दा कममा दिनभरि ढुंगा काट्छन् । झनै जोखिमपूर्ण ज्याकह्यामर चलाउनेहरूले दोब्बर कमाए पनि विषाक्त धुलोको सामना गर्नैपर्छ । ३४ वर्षीय विनोद राम पनि १५ वर्षदेखि खानीमा काम गर्दै आएकोमा अहिले ४५ किलोमात्रै तौल रहेको र औषधिले केही मिनेटमात्र राहत दिने बताउँछन् । *रासस/एएफपी*

ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
RBA COMPLIANCE
शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर !!
आर.वि.ए. मापदण्ड

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म निःशुल्क खाना, यातायात, आवास

COMPANY: PEM FASTENERS (MALAYSIA) SDN BHD
कम्पनी : पेम फास्टनर्स (मलेसिया) एसडिएन बिएचडी

Pre Approval Date : 2025/12/05 | LT. No. 334884 | Invoice No. 60248483
पूर्व स्वीकृति मिति : २०८२/०८/१९ | एल टि न. ३३४८८४ | चलानी नं. ६०२४८४८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 40 | 0 | 1700 | ५९,५४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

नोट: आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer
सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहार्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Suhasha Link Pvt. Ltd. does not have any branch or mediator representative.
This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

Interview will be conducted on 13th Dec, 2025 in office premisees.
अन्तरवार्ता हुने मिति र स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २७ गते हुनेछ ।

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :– १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

License No. : 333/059/60
SUHASHA LINK PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4962338

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – २५२४०० / प्रति तोला – ० / प्रति तोला – ३५५५



**पदयात्रामा पर्यटक** | नेपाल घुम्न आएका विदेशी पर्यटक बिहीबार रसुवाको हिमाली भेकमा पदयात्रा गर्दै । आजभोलि हिमाली भेकको दृश्य अवलोकन गर्न पदयात्रामा आउने विदेशी पर्यटकको संख्यामा वृद्धि भएको छ । *तस्बिरः ज्ञानेन्द्र न्यौपाने/रासस*

# सरकारको विभिन्न निकायमा नौ खर्ब ३० अर्ब लगानी

■ प्रभाव संवाददाता

**काठमाडौं** – गत आर्थिक वर्ष २०८१/८२ सम्ममा सरकारले विभिन्न १५९ सार्वजनिक संस्थान तथा निकायमा शेयर तथा ऋण लगानीका रूपमा रू नौ खर्ब ३० अर्ब ८८ करोड चार लाख ६८ हजार लगानी गरेको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको 'नेपाल सरकारको शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन' अनुसार गत आर्थिक वर्ष २०८१/८२ सम्ममा सरकारको कूल शेयर लगानी ११६ संस्थानमा रू चार खर्ब चार अर्ब ८१ करोड ४१ लाख ५८ हजार रहेको छ । सबैभन्दा बढी शेयर लगानी रहेका संस्था नेपाल विद्युत् प्राधिकरण, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल टेलिकम, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंक रहेका छन् ।

त्यस्तै, गत आर्थिक वर्षसम्मको सरकारको कूल ऋण लगानी रू पाँच खर्ब २६ अर्ब छ करोड ६३ लाख १० हजार रहेको छ । त्यसमध्ये आन्तरिक स्रोतबाट रू एक खर्ब ५८ अर्ब १८ करोड

**सबैभन्दा बढी शेयर लगानी रहेका संस्था नेपाल विद्युत् प्राधिकरण, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल टेलिकम, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंक रहेका छन् ।**

२१ लाख ८४ हजार र वैदेशिक स्रोतबाट रू तीन खर्ब ६७ अर्ब ८८ करोड ४१ लाख २६ हजार रहेको कार्यालयले जनाएको छ । बढी ऋण लगानी भएका संस्थानमा नेपाल विद्युत् प्राधिकरण, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, नेपाल नागरिक उ•यन प्राधिकरण र नेपाल खानेपानी संस्थान रहेका छन् ।

गत आर्थिक वर्षमा सरकारले साँवा फिर्तातर्फ रू दुई अर्ब ६२ करोड २९ लाख ९४ हजार ६९५ र ब्याज असुलीतर्फ रू पाँच अर्ब २९ करोड चार लाख ३० हजार ३५६ प्राप्त भएको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, गत आर्थिक वर्षमा मात्र शेयर लगानीतर्फ रू पाँच अर्ब ५२ करोड छ लाख ३४ हजार ५४९ र ऋण लगानीतर्फ रू ३५ अर्ब ९५ करोड ९७ लाख ८७ हजार ६९८ गरी कूल रू ४१ अर्ब ४८ करोड चार लाख २२ हजार २४७ बराबर लगानी भएको छ ।

विभिन्न संस्थान र निकायमा सरकारको ठूलो लगानी भए पनि त्यसको प्रतिफल भने कमजोर देखिन्छ । ऋण तथा शेयर लगानी भएका निकायले समयमा सरकारलाई साँवाब्याज भुक्तानी नगर्दा त्यसको दायित्व क्रमशः बढ्दै गएको देखिन्छ । 'आर्थिक वर्ष २०८१/८२ सम्ममा भाका नाघेको साँवा रू दुई खर्ब ५९ अर्ब १९ करोड ९७ लाख तीन हजार १२६ र भाका नाघेको ब्याज रू एक खर्ब ४० अर्ब ८८ करोड २३ लाख ९६ हजार १६९ गरी कूल भाका नाघेको रकम रू चार खर्ब आठ करोड २० लाख ९९ हजार २९५ रहेको छ', प्रतिवेदनमा भनिएको छ ।

भाका नाघेको साँवा ब्याज बढी भएका सार्वजनिक संस्थानमा नेपाल विद्युत् प्राधिकरण, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, नेपाल खानेपानी संस्थान, नेपाल नागरिक उ•यन प्राधिकरणलगायत रहेका छन् ।

# मुस्ताङ भन्सारबाट चार अर्ब ४१ करोड बढी राजस्व संकलन

**मुस्ताङ (प्रस)**– यहाँको नेपाल-चीन उत्तरी कोरला नाकास्थित लोमान्थाङ-२ न्हेचुङमा रहेको मुस्ताङ भन्सार कार्यालयले रु चार अर्ब ४१ करोड राजस्व संकलन गरेको छ । बाढीपहिरो र नदी कटानका कारण गत असार र भदौमा रसुवागढी नाका र तातोपानी नाका अवरुद्ध भएपछि कोरला नाका पूर्णरूपमा सञ्चालनमा आएसँगै यहाँको भन्सार कार्यालयको राजस्व संकलनमा नयाँ उभार आएको हो ।

यहाँस्थित नेपाल-चीन मुस्ताङ भन्सार कार्यालयमार्फत रु नौ अर्ब ४८ करोड ३४ लाख बराबरको आर्थिक कारोबार भएको मुस्ताङ भन्सार कार्यालयका सूचना अधिकारी अमिन्द्र सिंहले जानकारी दिए । गत ३० भदौदेखि पूर्ण रूपमा सञ्चालनमा आएका यहाँको कोरला नाकाबाट बिहीबारसम्ममा चीनतर्फबाट रु नौ अर्ब ३४ करोड बढीको मालसामान आयात भएका कार्यालयका सूचना अधिकारी सिंहले बताए । उनका अनुसार कोरला नाकास्थित चिनियाँ भन्सारबाट जाँचपास भई आएका विद्युतीय सवारीसाधन र मालबस्तु कन्टेनर ढुवानीका साधन भित्रिएका र तीनको यहाँको भन्सारमा जाँचपास गरेर गन्तव्यतर्फ पठाइने गरिएको बताए ।

**नेपाल-चीन मुस्ताङ भन्सार कार्यालयमार्फत रु नौ अर्ब ४८ करोड ३४ लाख बराबरको आर्थिक कारोबार भएको मुस्ताङ भन्सार कार्यालयका सूचना अधिकारी अमिन्द्र सिंहले जानकारी दिए ।**

यसैगरी नेपालबाट हस्तकलालगायत मालवस्तुको चीनतर्फ निर्यात प्रयोजनका लागि भन्सार जाँचपास गर्दा रु १४ करोड ३४ लाख राजस्व संकलन भएको भन्सार कार्यालयका सूचना अधिकारी सिंहको भनाइ छ । यहाँको कोरला नाका पूर्णरूपमा सञ्चालनमा आएपछि गएको साँढे दुई महिनाको अवधिमा यहाँको भन्सार कार्यालयमा एक हजार ७६१ वटा विद्युतीय सवारीसाधनको जाँचपास भइसकेर गन्तव्यतर्फ प्रस्थान गरेका मुस्ताङ भन्सारले जनाएको छ । हालसम्म एक हजार बढी ढुवानीका साधनको भन्सार जाँचपास भइसकेका छन् ।

यहाँको मुस्ताङ भन्सार कार्यालयमा अझै १०० भन्दा बढी मालबाहक ढुवानीका साधन भन्सार जाँचपासको क्रममा रहेका सूचना अधिकारी सिंहले बताए । उनका अनुसार कोरला नाकास्थित चिनियाँ भन्सारमा मालसामान ढुवानीका लागि करिब एक दर्जन बढी ढुवानीका साधन पुगेका र आंशिक रूपमा कोरला सडक हुँदै ढुवानीका साधन माथि आउने क्रममा रहेका सूचना अधिकारी सिंहले जानकारी दिए ।

यहाँको भन्सार कार्यालयमा १८ जनाको कर्मचारी दरबन्दी सृजना गरेको जनाइएको छ । यसअघि एक जना शाखा अधिकृत कार्यालय प्रमुख रहनेगरी सात जना दरबन्दी कायम रहेकामा उपसचिवस्तरको कार्यालय प्रमुख रहनेगरी १८ जनाको कर्मचारी दरबन्दी सृजना भएको मुस्ताङ भन्सारका सूचना अधिकारी अमिन्द्र सिंहले जानकारी दिए ।

भन्सार विभागले यहाँको भन्सारका लागि उपसचिवस्तरको एक जना कार्यालय प्रमुखसहित दुई जना शाखा अधिकृत, छ जना राजस्व हेर्ने नायब सुब्बा, एक/एक जना लेखपाल र कम्प्युटर अपरेटर, एक जना सवारी चालक र छ जना कार्यालय सहयोगीको दरबन्दी सृजना गरेको हो ।

**एलडिसी बैठक**

# वित्तीय एवं एकीकृत सहयोगमा नेपालको जोड

**काठमाडौं (प्रस)**– नेपालले अल्पविकसित राष्ट्रहरू (एलडिसी)को विकासशील देशका रूपमा हुने रूपान्तरण समृद्ध समाज र दिगो विकासतर्फको गर्विलो यात्रा हुनुपर्नेमा जोड दिएको छ । साथै नेपालले अल्पविकसित देशलाई वित्तीय एवं एकीकृत सहयोग हुनुपर्नेमा विशेष जोड दिएको छ । अल्पविकसित, भूपरिवेष्टित विकासशील तथा साना टापु राष्ट्रहरूका लागि राष्ट्रसंघीय उच्च प्रतिनिधिको कार्यालय र कतार कोषले दोहामा आयोजना गरेको अल्पविकसित देशहरूको दिगो विकासका लागि विश्वव्यापी साझेदारी निर्माणसम्बन्धी बैठकअन्तर्गत बिहीबार भएको उच्चस्तरीय छलफलमा एलडिसी समूह अध्यक्षका रूपमा परराष्ट्रसचिव अमृतबहादुर राईले ती विषयमा जोड दिएका हुन् ।

परराष्ट्र मन्त्रालयका अनुसार बैठकका क्रममा परराष्ट्रसचिवले संयुक्त राष्ट्रसंघको प्रविधि बैंकका प्रबन्ध निर्देशक देवदत्त महाराजलाई भेटेर अल्पविकसित मुलुकबाट विकासशील देशमा रूपान्तरण हुने नेपालको यात्रालाई सहज बनाउन बैंकको सहयोगको अपेक्षा नेपालले गरेको बताए । त्यस अवसरमा उनीहरूबीच बैंकको भूमिका र सहकार्यका अवसरहरूबारे पनि छलफल भएको थियो ।

# तिला जलविद्युत् निर्माणका लागि सात अर्ब लाग्ने

**जुम्ला**– जुम्लाको तिला गाउँपालिका र कालीकोटको तिलागुफा नगरपालिकाको सिमानामा निर्माण हुने कुल ३८ दशमलव ०७ मेगाबाट बिजुली तिला जलविद्युत् निर्माणका लागि रु सात अर्ब लाग्ने भएको छ । तिला गाउँपालिका-१ र ७ कालीकोट जिल्लाको तिलागुफा नगरपालिका-१, २, ३, ४ र ९ को प्रभावित क्षेत्रको पहिलो चरणको प्रारम्भिक वातारणीय परीक्षण प्रतिवेदनउपर सार्वजनिक सुनुवाइमा आयोजनाका परामर्शदाता तथा वातारणविद् सुरेन्द्रदेव भट्टले उक्त जानकारी दिए ।

तिलामा जलविद्युत् आयोजना निर्माण गर्न सम्भाव्यता अध्ययन चार वर्ष पहिला भइसकेको छ । तिला गाउँपालिका र तिलागुफा नगरपालिका भएर बग्ने तिला नदीमा निर्माण हुने प्रस्ताविक आयोजनाको 'डिजाइन डिस्चार्ज' ५२ दशमलव ५१ घनमिटर प्रतिसेकेन्ड रहेको वातारणविद् सुरेन्द्रदेव भट्टको भनाइ छ ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत विद्युत् विकास विभागबाट उक्त योजनाको नापजाँच २०७८ सालमा स्वीकृत भएको हो । आयोजना सञ्चालनबाट प्राप्त हुने रोजगारी, रोयल्टी, सेयर, सामुदायिक सहयोग कार्यक्रम तथा स्थानीय जनताको व्यापार व्यवसायबाट आयआर्जन गर्न जस्ता अनुकूल प्रभाव हुने भएकाले समग्रमा यस आयोजनाबाट स्थानीय स्तरदेखि राष्ट्रियस्तरसम्म लाभ पुग्ने तिला गाउँपालिका अध्यक्ष मोतिलाल रोकायाले बताए ।

**आयोजनाका सम्पूर्ण संरचनाहरू तिला नदीको बायाँ किनारमा रहनेछन् । आयोजना कुल लागत नेपाल सरकारको रु सात अर्ब ५६ करोड ७४ लाख ३७ हजार ४०५ लाग्ने अनुमान गरिएको विभागका उपसचिव शाहले बताए ।**

प्रस्ताविक आयोजनाका लागि तिला नदीमा सात मिटर उचाइको बाँध निर्माण गरी तिला नदीको पानीलाई 'साइड इन्टेक गेट'मार्फत ग्राभेल ट्र्यापमा पुर्याइने छ । सर्ज साफ्टबाट पानीलाई २८९ मिटर लामो स्टिल पेनस्टक पाइपमार्फत ३६ मिटर लम्बाइ, १६ मिटर चौडाइ र ३२ मिटर गहिराइ भएको अर्धसतही विद्युत्गृहमा पुर्याई ३८ दशमलव ०७ मेगावाट विद्युत् उत्पादन गरिने विद्युत् विकास विभागका उपसचिव गोपिप्रसाद शाहले जानकारी दिए ।

उत्पादन भएको विद्युत्लाई १३२ केभी सिंगल सर्किटको प्रसारण लाइनमार्फत जुम्ला बजारको सबस्टेसनमा लगेर जोडिने छ । विद्युत् गृहबाट निष्कासन भएको पानीलाई २५ मिटर लामो टेलरेस टनेलद्वारा पुनः तिला नदीमा छोडिने छ ।

आयोजनाका सम्पूर्ण संरचनाहरू तिला नदीको बायाँ किनारमा रहनेछन् । आयोजना कुल लागत नेपाल सरकारको रु सात अर्ब ५६ करोड ७४ लाख ३७ हजार ४०५ लाग्ने अनुमान गरिएको विभागका उपसचिव शाहले बताए ।

आयोजनाबाट उत्पादन भएको विद्युत् ३० दशमलव २० किमी लामो र १३२ केभी सिंगल सर्किट प्रसारण लाइनमार्फत जुम्ला बजारमा जोडिने छ । आयोजना निर्माण गर्नका लागि कुल सात दशमलव ५८५ हेक्टर जग्गा आवश्यक पर्ने छ । जसमा वन क्षेत्रको जग्गा चार दशमलव ७७२ हेक्टर र निजी जग्गा दुई दशमलव ८१३ हेक्टर छ ।

आयोजना निर्माण अवधिमा स्थानीयले ३० देखि ३२० जनाले प्रत्यक्ष रूपमा रोजगारी पाउनेछन् । स्थानीयलाई रोजगारीमा विशेष प्रथामिकता दिइने छ । निर्माण अवधिभर स्थानीय जनताले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा व्यपार व्यवसाय गर्न सक्नेछन् । जसले गर्दा यहाँका नागरिकको आयआर्जनमा वृद्धि हुने अपेक्षा राखिएको तिला गाउँपालिका-७ का वडाध्यक्ष खुम्बिलाल रोकायाले जानकारी दिए । विद्युत्गृहको उचाइ समुद्री सतहबाट क्रमणः दुई हजार ३० मिटर र एक हजार ९४५ मिटरको अवस्थिति रहने छ ।

आयोजना निर्माण तथा सञ्चालनबाट कुल ३४ घरधुरी प्रत्यक्ष रूपमा प्रभावित हुने देखिन्छ । प्रत्यक्ष प्रभावित धरधुरीको विवरण आयोजना प्रभावित सम्बन्धित वडा कार्यालयमा टाँस गरिएको तिला जलविद्युत् आयोजनाले जनाएको छ । तिला जलविद्युत् आयोजनाको अध्ययन अवधि पूरा भएपछि निर्माण अगाडि बढ्ने आयोजनाले जनाएको छ । *रासस*

सार्वजनिक सेवालाई भ्रष्टाचारमुक्त बनाऔं

- आफ्नो काम कानूनी प्रक्रिया र नियमाअनुसार गरौं,
- उपहार दिने र लिने नगरौं,
- सेवाग्राहीलाई अनावश्यक दुःख दिने कार्य नगरौं,
- सेवा दिन कुनै ढिलासुस्ती नगरौं,
- घुस लिने र दिने दुवै अपराधी हुन्,
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं, भ्रष्टाचारीलाई कारबाही गरौं,
- भ्रष्टाचार र अनियमितताविरूद्ध आवाज उठाऔं,
- अनियमितता भएको देखेमा तुरून्त अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोल फ्री नम्बर १०७ वा सम्बन्धित निकायमा सम्पर्क गरौं ।

भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाऔं,
सार्वजनिक सेवालाई पारदर्शी र जवाफदेही बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ